सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

४ चैत २०७९, शनिबार (18 March 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# एक लाख तलबको आश्वासनमा मलेसिया पठाएका ५६ नेपाली अढाई महिनादेखि अलपत्र

## भण्डारी ओभरसिजले प्रतिव्यक्ति चार लाख उठाएर मलेसिया पठाएका सप्तरी र रौतहटका ५६ युवा अलपत्र, सरकारसँग उद्धारको गुहार

राजविराज **सौरभ यादव**

विमानस्थलको कार्गोमा मासिक एक लाख तलब पाउने गरी काम लगाईदिने भन्दै काठमाडौंको भण्डारी ओभरसिजले मलेसिया पठाएका ५६ नेपाली साढे दुई महिनादेखि अलपत्र छन् । उनीहरूले उद्धारका लागि गुहार मागेका छन् ।

अलपत्र परेकामा सप्तरीका ४३ र रौतहटका १३ जना छन् । उनीहरूले सप्तरीको डाक्नेश्वरी नगरपालिका घर भएका एजेन्ट रामचन्द्र साह, सप्तरीकै राजगढ गाउँपालिकाका शत्रुधन मण्डल र रौतहटका परमानन्द पण्डितमार्फत भण्डारी ओभरसिजलाई प्रतिव्यक्ति तीन लाख ९५ हजारका दरले पैसा बुझाएका थिए । ओभरसिजले उनीहरूलाई गत २२ पुसमा मलेसिया उडाएको थियो ।

अलपत्र परेका सप्तरीको राजगढ गाउँपालिका- ३ का २९ वर्षीय उमेश मण्डलका अनुसार म्यानपावरले मलेसियाको एडिके कम्पनीमार्फत विमानस्थलको कार्गोमा काम लगाईदिने भनेर पठाएको थियो । तर, त्यहाँ कार्गोमा काम दिइएन । बरु नाला सरसफाइ गर्न भनियो । अहिले आफूहरू मलेसियाको सलेङ्गर बन्द्रावारू इन्सटेक सहरमा रहेको मण्डलले बताए ।

मण्डलका अनुसार मलेसियाको कम्पनीले पहिलो एक हप्ता खान-बस्न दिएको थियो । त्यसपछि बस्न दिएको ठाउँबाट पनि निकालिदियो । 'कम्पनीको गेटबाट बाहिर निकालिदिएको छ,' उनले भने, 'केही दिन साथीहरूसँग भएको मोबाइल, सुन बेचेर खायौं, पछिल्लो समय नजिकैको पसलबाट उधारो खाइरहेका छौं,' मण्डलले भने, 'यसरी यहाँ धेरै दिन बाँच्न सकिने अवस्था छैन ।

» पृष्ठ २ मा क्रमशः



म्यानपावरको ठगीले मलेसियामा अलपत्र परेका ५६ जनालाई अहिले झापा र राजविराज घर भएका कामदारले आश्रय दिइरहेका छन् । तीन कोठामा उनीहरू भुइँमा म्याट ओछ्याएर सुत्छन् । त्यहाँ आश्रय लिइरहेका सप्तरी राजगढका उमेश मण्डल (तस्बिरमा गोलो लगाइएका)ले आफूहरूको उद्धार गरिदिन सरकारसँग आग्रह गरेका छन् । 'बुबा बितेपछि घरमा कमाउने कोही भएन । घर पनि ऐलानी जग्गामा छ । छिमेकी दाइ भरत मण्डलसँग चार लाख कर्जा लिएर मलेसिया आएको हुँ । तीन लाख ९५ हजार एजेन्टलाई बुझाएको हुँ । अहिले यहाँ अलपत्र परें । सुरुमा साथीहरूसँग भएको मोबाइल, सुन बेचेर खायौं, पछिल्लो समय आश्रय दिएका साथीहरूको रोहवरमा नजिकैको पसलबाट उधारो खाइरहेका छौं । यसरी यहाँ धेरै दिन बाँच्न सकिने अवस्था छैन । कसरी हुन्छ, हाम्रो उद्धारका लागि पहल गरिदिनुपऱ्यो,' उनले भने ।

### तोकेको काम नपाएको हो भने म्यानपावर कम्पनीले क्षतिपूर्ति दिनुपर्छ



**राजन पौडेल**
सूचना अधिकारी, वैदेशिक रोजगार बोर्ड

श्रम स्वीकृति लिएर गएको, तर तोकेको काम नपाएको हो भने सम्बन्धित म्यानपावर कम्पनीले क्षतिपूर्ति दिनुपर्छ । फिर्ता ल्याउनुपरेमा पनि कम्पनीको दायित्व रहन्छ । यसका लागि वैदेशिक रोजगार विभागका महानिर्देशकको नेतृत्वमा रेस्पोन्स टिम छ, म्यानपावरलाई बोलाएर आवश्यक निर्देशन र कारबाही गर्न सकिन्छ । अरू कारणले अलपत्र परेका हुन् भने बोर्डले उद्धार गर्छ ।

### सयकडा तीनका दरले ऋण लिएर म्यानपावरलाई बुझाएँ, अलपत्र पारेपछि एजेन्ट जिम्मा लिन्न भन्छ

● **रोशन पासवान** (२७), रौतहट चन्द्रनिगाहपुर- १४ सखुवादमौरा

गाउँमा घर बनाउने मिस्त्रीको काम गर्थें । तर, घरको खर्च धान्न धौधौ भएपछि रौतहट नै घर भएका म्यानपावर एजेन्ट परमानन्द पण्डितसँग विदेश जाने सल्लाह गरें । उनले मलेसियामा एयरपोर्टको कार्गोमा लगेज लोड-अनलोड गर्ने काम छ, जाने भए तयारी गर भने । त्यसपछि ऋण खोज्न थालें ।

पाँच कट्ठा खेतको लालपुर्जा साहुलाई दिएर चार लाख रुपैयाँ ऋण लिएँ । तीन लाख ९५ हजार पण्डितमार्फत म्यानपावरलाई बुझाएँ, बाँकी पैसा यहाँ आउँदासम्म खर्च भयो । महिनाको सयकडा तीन रुपैयाँका दरले ऋण लिएको हुँ । यहाँ आएर अलपत्र परिएको छ, सात महिनासम्म एक रुपैयाँ पनि ब्याज तिर्न सकेको छैन । मलेसिया आएको तीन महिना भयो । काम पाएको छैन । हामीलाई पठाउँदा एयरपोर्टको कार्गोमा लगेज लोड-अनलोडको काम हो भनिएको थियो । तर, यहाँको एडिके कम्पनीको बोसले एयरपोर्टमा काम छैन, अरू कम्पनीमा लगाइदिन्छु भन्यो । नाला सफा गर्नुपर्ने काम पनि भन्यो । तर, हामीले मानेनौं । अहिले हामीलाई मलेसिया पठाउने म्यानपावरका भण्डारी आफैं पनि आउनुभएको छ । बोस र भण्डारीसँग कुराकानी भएको छ । भण्डारीले पाँच-सात दिनमा काम लगाईदिने त भन्नुभएको छ । तर, ठुंगो छैन ।



सुरुमा यहाँको कम्पनीले बस्न रुम त दियो । तर, न बेड थियो न पंखा, यस्तो गर्मीमा कसरी सुत्ने ? निकाल्न खोजेजस्तो व्यवहार गऱ्यो । कम्पनीका केही मान्छेले निस्कन पनि भने । अहिले झापा र राजविराजका नेपाली कामदार बस्ने कोठामा भुइँमा कार्पेट ओछ्याएर बसिरहेका छौं । ५६ जना अलग-अलग तीनवटा रुममा छौं । आश्रय दिएका साथीहरूको रोहवरमा छेवैको बंगाली पसलबाट उधारो खाइरहेका छौं । त्यसले पनि कति दिन उधारो देला र ! एकजनाको पाँच सय (मलेसियन रिंगेट) उधारो पुगिसकेको छ ।

घरमा बुबा, श्रीमती, तीन छोराछोरी छन् । छोरीहरू नर्सरी र १ कक्षामा पढिरहेका छन् । खर्च पठाउन सकेको छैन । श्रीमतीले घर आउन भनिरहेकी छिन् । कसरी घर फर्किने ? चार लाख ऋण लागिहाल्यो, ब्याज पनि चढिरहेको छ । गाउँको म्यानपावर एजेन्ट परमानन्द पण्डितले जसरी पनि त्यहीं काम गर, म जिम्मा लिन्न भनिरहेको छ । घरमा मिस्त्रीको काम गरेर महिनाको २०-२५ हजार कमाइ त हुन्थ्यो । यहाँ त अलपत्र परिएको छ ।

# प्रमुख पदहरूमा शक्ति सन्तुलन

### अब मिलेर विकास र समृद्धिमा जानुपर्छ



**पुष्पकमल दाहाल**, प्रधानमन्त्री

### सबै मिलेर देश अगाडि बढाउनुपर्छ



**दमननाथ ढुंगाना**, पूर्वसभामुख

**कमलराज भट्ट**/नयाँ पत्रिका

सत्ता-राजनीतिमा देखिएका उतार-चढावबीच राजनीतिक दलहरूको शक्ति सन्तुलनसहित प्रमुख संवैधानिक पदहरू चयन भएका छन् । शुक्रबार उपराष्ट्रपतिमा जनता समाजवादी पार्टीका नेता रामसहाय यादव निर्वाचित भएसँगै प्रमुख पदहरूमा राजनीतिक सन्तुलन देखिएको छ ।

गत ४ मंसिरको निर्वाचनपछि चयन भएका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपसभामुखमा फरक-फरक राजनीतिक दलहरूको प्रतिनिधित्व भएको छ । संसद्मा पहिलो ठूलो शक्ति कांग्रेसले राष्ट्रपति, दोस्रो ठूलो दल एमालेले सभामुख, तेस्रो दल माओवादीले प्रधानमन्त्री, चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभामुख र छैटौं ठूलो दल जसपाले उपराष्ट्रपति पाएका छन् । एमालेबाट निर्वाचित राष्ट्रिय सभा अध्यक्षको कार्यकाल अझै एक वर्ष बाँकी छ । राष्ट्रिय सभा उपाध्यक्ष माओवादीले पाएको छ ।

» पृष्ठ २ मा क्रमशः

### ■ उपराष्ट्रपतिमा यादव

३०,३२८ मत पाएर जसपाका रामसहायप्रसाद यादव विजयी हुँदा प्रतिस्पर्धी एमालेकी अष्टलक्ष्मी शाक्यले १६,३२८ र जनमतकी ममता झाले २५३७ मत प्राप्त गरिन् । उम्मेदवारी निष्क्रिय गरेकी जसपाकै प्रमिला कुमारीले ४८ मत पाइन् ।



**उपराष्ट्रपति**

रामसहायप्रसाद यादव
(निर्वाचित : ३ चैत ०७९)

जन्ममिति : ९ साउन ०२७ ।
शिक्षा : **बिएड (गणित)**
**बिएस्सी (गणित/विज्ञान)**

**संसद् यात्रा**

● **०६४ (समानुपातिक), ०७४ र ०७९ मा बाराबाट प्रतिनिधिसभा सदस्य**

**सरकार यात्रा**

● **०७८ मा वन तथा वातावरणमन्त्री**

● १५ वर्षदेखि शंखमूलको डेरामा दुई छोरा र छोरीसँग सादगी जीवन बिताउँदै आएका यादव अब उपराष्ट्रपति भवन हरितगृहभित्र छिर्दै छन् । उपराष्ट्रपति निर्वाचित भएपछि उनले राष्ट्रिय एकतालाई मजबुत र प्रवर्द्धनमा आफ्नो इमानदार भूमिका हुने बताएका छन् ।

### ■ राज्यका प्रमुख पदहरूमा पदपूर्ति

४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनपछि देशले मुख्य संवैधानिक दायित्व पूरा गरेको छ । यससँगै राज्यका प्रमुख पदमा पदपूर्तिको कार्य सम्पन्न भएको छ । ताजा जनादेशबाट माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई १० पुसमा प्रधानमन्त्री नियुक्त गरियो । २५ पुसमा अधिवेशन आह्वानपछि २६ पुसमा प्रतिनिधिसभाले प्रधानमन्त्रीलाई अभूतपूर्व विश्वासको मत दियो ।

५ माघमा प्रतिनिधिसभाले देवराज घिमिरेलाई सभामुखका रूपमा पायो ।

७ फागुनमा इन्दिरा रानामगरलाई उपसभामुख चुन्यो । २३ माघमा राष्ट्रिय सभाले उर्मिला अर्याललाई निर्विरोध उपाध्यक्ष चयन गऱ्यो । २५ फागुनमा रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भए । र, ३ चैतमा रामसहायप्रसाद यादव उपराष्ट्रपति चुनिएका छन् ।

■ सिमेन्ट उद्योगद्वारा चुनढुंगा खानी दोहन मुद्दामा विशेषको फैसला

# कर्मचारी, सिमेन्ट उद्योगीसहित २७ जनालाई सफाइ



फाइल तस्बिर

सिमेन्ट उद्योगले चुनढुंगा निकालेपछि पाल्पाको तिनाउ गाउँपालिकास्थित एक डाँडो ।

### ■ सवा अर्ब बिगोदाबीसहित अख्तियारले दायर गरेको थियो मुद्दा



रमेशकुमार पोखरेल



बलभद्र बास्तोला



खुसीप्रसाद थारू

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानी तथा भूगर्भ विभागका तत्कालीन महानिर्देशक रामप्रसाद घिमिरे, सिमेन्ट उद्योगीसहित २७ प्रतिवादी कायम गर्दै १२ माघ ०७८ मा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको मुद्दा दायर गरेको थियो । विशेष अदालतमा दायर मुद्दामा करिब सवा अर्ब बिगो दाबी गरिएको थियो । शुक्रबार विशेषका सदस्यत्रय रमेशकुमार पोखरेल, बलभद्र बास्तोला र खुसीप्रसाद थारूको इजलासले उनीहरूलाई सफाइ दिएको छ ।

**शिल्पा कर्ण**/नयाँ पत्रिका

विशेष अदालतले नौ कर्मचारी तथा नौ सिमेन्ट उद्योग तथा तिनका सञ्चालकलाई भ्रष्टाचार मुद्दामा सफाइ दिएको छ । शुक्रबार विशेषका सदस्यत्रय रमेशकुमार पोखरेल, बलभद्र बास्तोला र खुसीप्रसाद थारूको इजलासले २७ जनालाई सफाइ दिएको हो ।

अख्तियारले खानी तथा भूगर्भ विभागका तत्कालीन महानिर्देशक रामप्रसाद घिमिरेसहित २७ प्रतिवादी कायम गर्दै १२ माघ ०७८ मा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको मुद्दा दायर गरेको थियो । तत्कालीन उपमहानिर्देशक घिमिरेसहितका कर्मचारीले सिमेन्ट उद्योगसँगको मिलेमतोमा राजस्व चुहावट गरी नेपाल सरकारलाई नोक्सानी पुऱ्याएको अभियोग लगाइएको थियो । तर, उनीहरू सबैलाई विशेषले सफाइ दिने फैसला गरेको छ ।

अनुमति लिएभन्दा बढी परिमाणमा चुनढुंगा खानी दोहन गरेको भन्दै सबैभन्दा बढी पशुपति मुरारका सञ्चालक रहेको सिद्धार्थ मिनेरल्स प्रालिलाई ४९ करोड ४५ लाख रुपैयाँ बिगो दाबी गरिएको थियो । अख्तियारले शरद गोयल सञ्चालक रहेको मारुती सिमेन्टस्माथि साढे २० करोड, विष्णुप्रसाद न्यौपाने सञ्चालक रहेको सर्वोत्तम सिमेन्टलाई १६ करोड ३१ लाख र ऋषि अग्रवाल सञ्चालक रहेको अन्नपूर्ण क्वेरिजलाई ११ करोड १७ लाख रुपैयाँ बिगो माग दाबी गर्दै मुद्दा दायर गरेको थियो ।

यसैगरी युनाइटेड सिमेन्टस् प्रालि तथा सञ्चालक नरेश दुगडसँग नौ करोड ६९ लाख र सोनापुर मिनेरल्स एन्ड आयल लिमिटेड तथा सञ्चालक निपेश तायलसँग ६ करोड ९८ लाख रुपैयाँ बिगो माग दाबी गर्दै मुद्दा दायर भएको थियो । अख्तियारले डोलोमाइट चुनढुंगा उद्योग र सञ्चालक मानबहादुर श्रेष्ठमाथि पाँच करोड ४३ लाख तथा कञ्चन क्वेरिज प्रालि र सञ्चालक भीमबहादुर थापा क्षेत्रीमाथि तीन करोड आठ लाख रुपैयाँ बिगो माग गर्दै मुद्दा दायर गरेको थियो । उदयपुर मिनेरल्स

» पृष्ठ २ मा क्रमशः

## १५ वर्षमुनिका बालबालिकालाई मुटुको निःशुल्क उपचार

# तर, समयमै अस्पताल पुऱ्याइँदैनन् बालबालिका

**मञ्जु टेलर**/नयाँ पत्रिका

गत साता सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको पेडियाट्रिक वार्डमा ५० दिनका एक शिशु भर्ना गरिए । परीक्षणबाट उनमा डेक्सट्रो-ट्रान्पोजिसन अफ द ग्रेट आर्टरिज (डि-टिजिए) अर्थात् मुटुको जन्मजात समस्या भएको पुष्टि भयो । मुटुमा जटिल समस्याका कारण शिशुको शरीर नीलो भइसकेको थियो । अक्सिजनको स्याचुरेसनसमेत निकै कम थियो । चिकित्सकले तत्कालै भेन्टिलेटरमा राखेर उपचार सुरु गरे । जन्मजात देखिएको धमनीको शल्यक्रियापश्चात् शिशुको अवस्था सामान्य बन्यो । परिवारले करिब अन्तिम अवस्थामा मात्र अस्पताल पुऱ्याएको भए पनि त्यसपछिको उपचार समयमै पाउँदा ती शिशुको ज्यान बच्यो ।

यो एक प्रतिनिधि घटना मात्र हो । मुटुमा समस्या भएका अधिकांश बालबालिकालाई समयमै अस्पताल नपुऱ्याइँदा स्वास्थ्यमा जोखिम आउने गरेको चिकित्सकहरू

» पृष्ठ २ मा क्रमशः



### गंगालालमा बर्सेनि पुग्छन् ६ देखि ८ हजार बालबालिका

सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा मात्रै प्रत्येक वर्ष ६ देखि आठ हजार मुटुको समस्या भएका बालबालिका उपचारका लागि आउने गरेका छन् । अधिकांश भिन्नभिन्न अस्पतालबाट रिफर भएका हुन् । ओपिडीमा आउने बिरामीसँगै रिफरल र इमर्जेन्सीमा गरी सन् २०२२ मा सात हजार २४८ बालबालिका उपचारका लागि आएको अस्पतालको तथ्यांक छ ।

### ■ निःशुल्क उपचारबारे छैन जानकारी

सरकारले १५ वर्षमुनिका बालबालिकामा मुटुरोग देखिए निःशुल्क उपचारको व्यवस्था गरेको छ । यो उमेर समूहभित्रका बालबालिकामा देखिने मुटुका जस्तो पनि रोगको सम्पूर्ण उपचार खर्च सरकारले व्यहोर्ने गरेको छ । तर, मुटुमा समस्या भएका बालबालिकालाई समयमै अस्पताल पुऱ्याउने गरिएको छैन । चिकित्सकका अनुसार समयमै अस्पताल पुग्ने बालबालिकाको संख्या न्यून छ । गम्भीर समस्या देखिएपछि मात्र अधिकांशले आफ्ना बालबालिकालाई उपचारका लागि अस्पताल पुऱ्याउने गरेका छन् । चिकित्सकका अनुसार सबै रोगको लक्षण सुरुवातमै देखिँदैनन् । रोगको जटिलताअनुसार दिन, केही साता वा केही वर्षपछि पनि रोगका लक्षण देखिन सक्छन् । यसकारण पनि जन्मिएको केही समयमै शल्यक्रिया गर्नुपर्ने शिशु बढी प्रभावित हुने गरेका छन् । खासगरी दुर्गम भेकका बिरामीमा यस्तो समस्या बढी देखिन्छ । गर्भवतीको परीक्षणसमेत पर्याप्त नहुने भएकाले समस्या थपिएको छ ।



### ढिला अस्पताल ल्याउँदा बालबालिकाको स्वास्थ्य जोखिममा पर्छ

**डा. मनीष श्रेष्ठ**, बाल मुटुरोग विशेषज्ञ, सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र

मुटुसम्बन्धी विभिन्न समस्या भएका अधिकांश बालबालिका गम्भीर अवस्थामा मात्रै अस्पताल ल्याउने गरेको देखिन्छ । जसका कारण उपचारपछि पनि जटिल समस्या आउने जोखिम अत्यधिक हुन्छ । स्वास्थ्यमा समस्या देखिएर गंगालाल ल्याइपुऱ्याइएका अधिकांश बालबालिका काठमाडौंबाहिरका छन् । उपकरण र दक्ष जनशक्ति अभावमा समयमै रोग पत्ता नलाग्ने तथा उपचार नपाउने कारण गम्भीर अवस्थामा मात्रै उनीहरू अस्पताल आइपुग्छन् ।

झन् नयाँ



सम्बन्ध

ओलीका दुई सारथि

**कहिले बोलचाल बन्द, कहिले सुमधुर सम्बन्ध**

● प्रेम गौतम



फोटो कथा

मुगलकालीन वास्तुकलाको प्रतीक आमेर प्यालेस

● राजु स्याङ्तान



बहस

नेपालमा सुन्दरी प्रतियोगिताको राजनीति

● तारालाल श्रेष्ठ

**बिमामा मर्जरको लहर, पुँजी वृद्धिसँगै क्षमता पनि बढ्दै**



मर्जरले सिनर्जी ल्याउँछ

● **सूर्यप्रसाद सिलवाल**
अध्यक्ष, नेपाल बिमा प्राधिकरण

विदेशी पुनर्बिमा सकारात्मक हुन्छन्



● **चंकी क्षेत्री**, सिइओ, सगरमाथा लुम्बिनी इन्स्योरेन्स



बिमितले पाउने बोनस बढ्छ

● **मनोजकुमार लाल कर्ण**, सिइओ, युनियन लाइफ इन्स्योरेन्स

(विस्तृत पृष्ठ ७ मा)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## प्रमुख पदहरूमा...

पृष्ठ १ बाट क्रमशः

जनता समाजवादी पार्टी संसदीय दलका नेता यादव गणतन्त्र नेपालको तेस्रो उपराष्ट्रपति निर्वाचित भएका हुन् । शुक्रबार सम्पन्न निर्वाचनमा एमालेकी अष्टलक्ष्मी शाक्य र जनमतकी ममता झालाई भारी मतान्तरले पराजित गर्दै बारा २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं सत्तागठबन्धनका साझा उम्मेदवार यादव उपराष्ट्रपति चुनिएका हुन् ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यालयले शुक्रबार साँझ सार्वजनिक गरेको मतपरिणाममा यादवले ३० हजार तीन सय २८ मत प्राप्त गरेका छन् । प्रतिस्पर्धी एमालेकी शाक्यले १६ हजार तीन सय २८ र झालेे दुई हजार पाँच सय ३७ मत प्राप्त गरेका छन् । उम्मेदवारी निष्क्रिय गरेकी जसपाकै प्रमिला कुमारीले ४८ मत प्राप्त गरिन् ।

निर्वाचनमा संघतर्फ तीन सय ११ र प्रदेशतर्फ पाँच सय १८ मतपत्र खसेको थियो । प्रदेश सभाको चार मतपत्र बदर भएको निर्वाचन अधिकृत महेश शर्मा पौडेलले जानकारी दिए । संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा)तर्फ तीन सय ३२ र प्रदेश सभातर्फ पाँच सय ५० गरी राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा कुल आठ सय ८२ मतदाता कायम थिए । संघीय मतदाताको मतभार ७९ र प्रदेश सभा मतदाताको ४८ रहेको छ ।

उपराष्ट्रपति निर्वाचित यादवले संघतर्फ एक सय ८४ मतपत्र अर्थात् १४ हजार पाँच सय ३६ मत प्राप्त गरे भने प्रदेशतर्फ तीन सय २९ मतपत्र अर्थात् १५ हजार सात सय ९२ मत पाएका छन् । उपराष्ट्रपति निर्वाचित यादवले कुल ५२ हजार ६ सय २८ मतको ५७.६२ प्रतिशत मत प्राप्त गरेका छन् । जितका लागि उनलाई २६ हजार तीन सय १४ मत कटाउनु आवश्यक थियो ।

प्रतिस्पर्धी एमालेकी शाक्यले संघतर्फ एक सय चार मतपत्र अर्थात् आठ हजार दुई सय १६ मत प्राप्त गरिन् भने प्रदेशतर्फ एक सय ६९ मतपत्र अर्थात् आठ हजार एक सय १२ मत पाइन् । जनमतकी उम्मेदवार झाले संघमा २३ मतपत्र अर्थात् एक हजार आठ सय १७ मत प्राप्त गरिन् भने प्रदेशतर्फ १५ मतपत्र अर्थात् सात सय २० मत पाइन् । उम्मेदवार निष्क्रिय गर्दा पनि जसपाकै प्रमिलाले प्रदेशतर्फ एक मतपत्र अर्थात् ४८ मत पाएकी छिन् ।

उपराष्ट्रपति निर्वाचनमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा, लोसपा, जनमोर्चा, नागरिक उन्मुक्ति पार्टीले यादवलाई समर्थन गरेका थिए । गठबन्धनभित्रै आफ्नो उम्मेदवार उठाएको जनमतलाई रास्वपाले साथ दिएको थियो । १५ हजार तीन सय ९१ मत भएको एमाले एकल रूपमा प्रतिस्पर्धामा थियो । उम्मेदवार शाक्यले थप नौ सय ३७ मत पाएकी छिन् ।

उपराष्ट्रपतिको मतदानमा राप्रपा (१४ संघ, २८ प्रदेश) र (१ संघ, ३ प्रदेश) नेमकिपा अनुपस्थित रहे । जसपाका एक प्रदेश सांसद पनि अनुपस्थित रहे । राष्ट्रपति निर्वाचित रामचन्द्र पौडेलले पदबाट राजीनामा दिएको र जसपाकी शहनाज रहमानको निधन भएकाले मत परेन । कर्तव्य ज्यान मुद्दामा फरार लक्ष्मी महतो कोइरी अनुपस्थित रहे । बिरामी भएर माओवादी सांसद वर्षमान पुन, कांग्रेस सांसद चन्द्र भण्डारी र मनोरमा शेरचन सहभागी हुन सकेनन् । यसअघि एमालेका सुवासचन्द्र नेम्वाङलाई भारी मतले पराजित गर्दै रामचन्द्र पौडेल २५ फागुनमा राष्ट्रपति चुनिएका थिए ।

उपराष्ट्रपति निर्वाचित यादवलाई प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेका छन् । प्रमाणपत्र समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा अध्यक्ष उपेन्द्र यादव, उम्मेदवार प्रमिला कुमारीलगायतले यादवलाई बधाई तथा शुभकामना दिएका थिए । समारोहमा प्रतिस्पर्धी शाक्य र झा अनुपस्थित थिए ।

शाक्यका प्रतिनिधि एवं एमाले सचेतक महेश बर्तौलाले नवनिर्वाचित उपराष्ट्रपति यादवलाई बधाई ज्ञापन गरेका थिए । 'स्वच्छ, सादगी र इमानदार राजनीतिको प्रतीकका रूपमा उहाँ हुनुहुन्थ्यो । उहाँको विजयले भविष्यमा स्वच्छ राजनीति र स्वच्छ व्यक्तित्वलाई प्रोत्साहन दिनेछ । उहाँको यो विजय सबैको विजय हो,' जसपा अध्यक्ष उपेन्द्र यादवले प्रतिक्रिया दिए ।

नवनिर्वाचित उपराष्ट्रपति यादवले संविधान र ऐन-कानुनअनुसार उपराष्ट्रपति पदको काम, कर्तव्य र अधिकारको इमानदारीका साथ पालना गर्ने प्रतिबद्धता जनाए । राष्ट्रिय एकतालाई मजबुत र प्रवर्द्धन गर्न आफ्नो इमानदारी भूमिका रहने उनको भनाइ थियो । यादवले मुलुकको समृद्धि र शान्तिप्रक्रिया निष्कर्षमा पुऱ्याउन इमानदारीपूर्वक भूमिका निर्वाह गर्ने धारणा राखे ।

यसैबीच बारा २ बाट निर्वाचित यादव उपराष्ट्रपति निर्वाचित भएसँगै जसपा अध्यक्ष उपेन्द्र यादवलाई संसद् छिर्ने बाटो खुला भएको छ । सप्तरी २ मा जनमत अध्यक्ष सिके राउतसँग पराजित भएका उपेन्द्रले संसद् छिर्न सुरुदेखि नै सत्तागठबन्धनमा उपराष्ट्रपतिमा दाबी राखेका थिए । रामसहायलाई उपराष्ट्रपतिका लागि सहमत गराएका थिए ।

## अब मिलेर विकास र समृद्धिमा जानुपर्छ

● **पुष्पकमल दाहाल प्रचण्ड**, प्रधानमन्त्री

हामी कति सहमति र समझदारीबाट जान सक्यौं वा सकेनौं, त्यो एउटा पक्ष भयो । तर, हामीले सन्तुलन कायम गरेका छौं । राष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपराष्ट्रपति हेऱ्यो भने विभिन्न राजनीतिक दलबाट छ । यो सन्तुलन कायम गर्ने प्रक्रियामा मैले भूमिका खेल्ने अवसर पाएँ । अब मिलेर विकास, समृद्धि र आवश्यक ऐन निर्माणको प्रक्रियामा जानुपर्छ ।

## सबै मिलेर देश अगाडि बढाउनुपर्छ

● **दमननाथ ढुंगाना**, पूर्वसभामुख

विभिन्न दलबाट विभिन्न संवैधानिक पदमा सन्तुलन उत्साहबर्द्धक लाग्छ । पार्टी प्रतिनिधित्व गराऊँ भनेर सन्तुलन ल्याएको होइन, भागबन्डाको कसरतमा हुन पुगेको हो । तैपनि यसले एउटा अन्तरदलीय सहमति बढायो । राष्ट्रिय सहमतिको पहल पनि भएको छ । संविधानलाई सबै मिलेर अगाडि बढाउने, उत्तरदायित्व लिने र भ्रष्टाचार घटाउने कुरामा अघि बढ्नुपर्छ । देशमा आमुल परिवर्तन भएअनुसार जनतामा उत्साह बढाउने काम भएको छैन । परिवर्तन र जनताको समस्या हल गर्ने क्षमताबीच ठूलो खाडल छ । सबै मिलेर यो पूर्ति गर्नुभयो भने राम्रो हुन्छ ।

## सच्याइएको

नयाँ पत्रिका राष्ट्रिय दैनिक मिति २०७९ चैत ३ गते वर्ष १६ अंक ३२७ पृष्ठ ११ मा प्रकाशित water resources and irrigation development division office, Rupandehi को बोलपत्र आह्वान सम्बन्धि सूचनामा कार्यालयको नाम water resources and irrigation development division office, Rupandehi हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

## यस बैंकको घोराही शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

**प्रकाशित मिति : २०७९/१२/०४**

यस विकास बैंकको घोराही शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले व्यापार आवधिक कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता लाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौँमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्तिहरु (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताहरुको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्तिका साथै सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **हिमचुली इण्डष्ट्रिज प्रा.लि.**<br>**दर्ता नं. : १६९६६५/७३/०७४**<br>ठेगाना : लालमटिया गा.वि.स-३, दाङ<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>स्थायी लेखा नं.: ६०५९३८९६८<br>**अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता :**<br>**तिर्भान बुढा**<br>**ना.प्र.नं. : १२०४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>बाबु : खट बुढा<br>बाजे : ओम बुढा<br>ठेगाना : गाम-०२, रोल्पा हाल राप्ती-०१, दाङ ।<br>**शाखा कार्यालय: घोराही**<br>**कर्जा शीर्षक : व्यपार आवधिक कर्जा** | **सुन्टी बुढा मगर**<br>**ना.प्र.नं. : २४४७/१३३७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रोल्पा<br>पति : तिर्भान बुढा<br>ससुरा :खट बुढा<br>ठेगाना : गाम-०२, रोल्पा हाल राप्ती-०१, दाङ । | १) **सुन्टी बुढा मगर**को नाममा मालपोत कार्यालय घोराही दाडमा दर्ता कायम रहेको निम्न अनुसारको घरजग्गा<br>ठेगाना: लालमटीया-३ दाङ, नक्सा सिट: ३/ढ, कित्ता नं.: १४६९, क्षेत्रफल (बि/व.मी): ११९.८८<br>ठेगाना: लालमटीया-७ दाङ, नक्सा सिट: ७/ख, कित्ता नं.: १३४१, क्षेत्रफल (बि/व.मी): ३६०.००<br>ठेगाना: लालमटीया-३ दाङ, नक्सा सिट: ३/ढ, कित्ता नं.: १०८४, क्षेत्रफल (बि/व.मी): ८६४.३५<br>ठेगाना: लालमटीया-३ दाङ, नक्सा सिट: ३/ढ, कित्ता नं.: १०८६, क्षेत्रफल (बि/व.मी): ७०२.७१<br>ठेगाना: लालमटीया-३ दाङ, नक्सा सिट: ३/ढ, कित्ता नं.: १४७९, क्षेत्रफल (बि/व.मी): ६५.००<br>ठेगाना: लालमटीया-३ दाङ, नक्सा सिट: ३/ढ, कित्ता नं.: १४८०, क्षेत्रफल (बि/व.मी): ६५.००<br>साथै सम्पूर्ण लिगलगापात समेत ।<br>२) **सुन्टी बुढा मगर**को नाममा मालपोत कार्यालय लमही दाडमा दर्ता कायम रहेको निम्न अनुसारको घरजग्गा<br>ठेगाना: लालमटीया-३ दाङ, नक्सा सिट: ३/ढ, कित्ता नं.: १४४९, क्षेत्रफल (बि/व.मी): १११.७९<br>ठेगाना: सिसहसनिया-६ दाङ, नक्सा सिट: ६/ख, कित्ता नं.: २०८२, क्षेत्रफल (बि/व.मी): १७०.००<br>ठेगाना: सिसहसनिया-६ दाङ, नक्सा सिट: ६/ख, कित्ता नं.: २०८४, क्षेत्रफल (बि/व.मी): २४७.००<br>साथै सम्पूर्ण लिगलगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
७. रितपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पूनश्चः** उल्लिखित ऋणी (अख्तियार प्राप्त व्यक्ति)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/१२/१० गते र बोलपत्र खोलिने मिति : २०७९/१२/१२**

**समय: दिनको : ४:०० बजे**

**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**


## एक लाख...

पृष्ठ १ बाट क्रमशः

कसरी हुन्छ, हाम्रो उद्धारका लागि पहल गरिदिनुपऱ्यो ।'

रौतहटको चन्द्रनिगाहपुर- १४ सखुवादमौरा घर भएका रोशन पासवानका अनुसार मलेसियाको कम्पनीले बस्न दिएको कोठामा बेड-पंखा केही थिएन, गर्मीले बस्नै नसकिने अवस्था थियो । 'त्यहींबाट पनि निकालियो । अहिले झापा र राजविराजका नेपाली कामदार बस्ने कोठामा भुँइमा कार्पेट ओछ्याएर बसिरहेका छौं । ५६ जना अलग-अलग तीनवटा रुममा छौं,' उनले नयाँ पत्रिकासँग टेलिफोनमा भने, 'आश्रय दिएका साथीहरूकै रोहवरमा छेवैको बंगाली पसलबाट उधारो खाइरहेका छौं । त्यसले पनि कति दिन उधारो देला र ! एकजनाको पाँच सय (मलेसियन रिंगेट) उधारो पुगिसकेको छ ।'

अर्का पीडित धर्मदेव यादवले राम्रो रोजगारी दिने आश्वासनमा आफूहरूलाई अलपत्र पारिएको बताए । 'विमानस्थलमा राम्रो जागिर हुन्छ, महिनाको एक लाख तलब हुन्छ भनेर कम्पनीले पठाएको हो । तर, यहाँ अलपत्र परिएको छ । कसरी हुन्छ यहाँबाट निस्किन पाए हुन्थ्यो, उद्धार गरिदिनुपऱ्यो,' उनले भने, 'घरमा बुबा, आमा, श्रीमती, दुई छोराछोरी छन् । ऐलानी जग्गामा एक सानो छाप्रो छ । घरमा कमाउने म मात्र हुँ । मलाई केही भयो भने परिवारको रेखदेख कसले गरिदेला ?'

छिमेकीसँग चार लाख ऋण गरेको रकम म्यानपावर कम्पनीलाई बुझाएर मलेसिया आएको मण्डलले बताए । 'तीन वर्षअघि बुबा बित्नुभयो । उहाँ बिरामी हुँदा पैसा नभएर राम्रो उपचार गर्न सकिएन । उहाँको निधन भएपछि घरमा कमाउने कोही भएन । घर पनि ऐलानी जग्गामा छ । छिमेकी दाइ भरत मण्डलसँग चार लाख रुपैयाँ कर्जा लिएर मलेसिया आएको हुँ,' उनले भने, 'तीन लाख ९५ हजार एजेन्टमार्फत म्यानपावर कम्पनीलाई दिएको हुँ । पाँच हजार काठमाडौं पुग्न लाग्यो । अहिले मलेसियामा अलपत्र छु ।'

म्यानपावर कम्पनीले विमानस्थलको कार्गोमा काम गर्ने र महिनाको एक लाख रुपैयाँ तलब पाइने बताएको थियो । तर, मलेसियाको एडिके कम्पनीले भने कार्गोमा काम दिने भनेर सहमतिपत्र नदिएको बताएको त्यहाँ पुगेका सप्तरीका सञ्जयकुमार खंगले बताए । 'हामीलाई विमानस्थलको कार्गोमा काम पाइन्छ भनिएको थियो । तर, यहाँको कम्पनीले त्यस्तो सहमतिपत्र नदिएको र कार्गोमा काम पनि नपाइने बताएपछि हामीहरू छाँगाबाट खसेजस्तै भयौं,' उनले भने ।

वैदेशिक रोजगार बोर्डका सूचना अधिकारी राजन पौडेलले श्रम स्वीकृति लिएर गएका, तर तोकेको काम नपाएको हो भने सम्बन्धित म्यानपावर कम्पनीले क्षतिपूर्ति दिनुपर्ने बताए । 'फिर्ता ल्याउनुपरे पनि कम्पनीको दायित्व रहन्छ । यसका लागि वैदेशिक रोजगार विभागका महानिर्देशकको नेतृत्वमा रेस्पोन्स टिम छ, म्यानपावरलाई बोलाएर आवश्यक निर्देशन र कारबाही गर्न सकिन्छ । अरू कारणले अलपत्र परेका हुन् भने बोर्डले उद्धार गर्छ,' उनले भने ।

काठमाडौंस्थित भण्डारी ओभरसिज म्यानपावर कम्पनीका प्रतिनिधिले भने मलेसिया पुगेका कामदारलाई उपयुक्त काम लगाउनेबारे छलफल भइरहेको बताए । त्यसका लागि कम्पनीका प्रबन्ध-निर्देशक माधव भण्डारी आफैं मलेसिया पुगेको उनको भनाइ छ । 'भण्डारी सर आफैं मलेसिया पुगेर उहाँहरूसँग छलफल गरिरहनुभएको छ,' भण्डारी ओभरसिजका कर्मचारी मुकेश यादवले भने । कुन कामका लागि श्रम स्वीकृत लिइएको थियो भन्नेचाहिँ उनले खुलाएनन् । कम्पनीले नै कामदारलाई खाने-बस्ने सुविधा दिए पनि निहुँ खोजेको उनको आरोप छ । '५-६ सय कामदार छन् । यहाँबाट गएका ५६ जनालाई अर्को होस्टेलमा सारेपछि निहुँ खोजेका हुन् । जहाँ कम्पनीले राख्यो त्यहाँ बस्नुपऱ्यो नि,' उनले भने । सप्तरीका एजेन्टहरू रामचन्द्र साह र शत्रुधन मण्डल भने सम्पर्कमा आउन चाहेनन् ।

## १५ वर्षमुनिका...

पृष्ठ १ बाट क्रमशः

बताउँछन् । ५० दिनका ती शिशुलाई पनि परिवारका सदस्यले निकै ढिलो अस्पताल पुऱ्याएका थिए । बाल मुटुरोगसम्बन्धी चिकित्सकका अनुसार लक्षणको अज्ञानता र आर्थिक बोझको डरले पनि बालबालिकाले समयमै उपचार पाउने गरेका छैनन् ।

सरकारले १५ वर्षमुनिका प्रत्येक बालबालिकालाई मुटुको निःशुल्क उपचार गराउँदै आएको छ । यसबारे जानकारी नहुँदा आर्थिक अवस्था कमजोर रहेका धेरैले आफ्ना बालबालिकालाई उपचारका लागि अस्पताल लैजाने गरेका छैनन् । लगे पनि निकै ढिलो मात्र पुऱ्याउने गरेका छन् ।

समयमै अस्पताल नपुऱ्याइँदा धेरै बालबालिकाको स्वास्थ्यमा गम्भीर समस्या आउने गरेको छ । कतिपयको ज्यानै जाने गरेको पाइएको छ । ५० दिने शिशुको उपचारमा संलग्न बाल मुटुरोग विशेषज्ञ डा. मनीष श्रेष्ठका अनुसार उनमा डि-टिजिएका कारण मुटुबाट रगत निकाल्ने मुख्य धमनीमा समस्या थियो । यस्ता शिशुको जन्मेको दुई साताभित्र शल्यक्रिया गरिसक्नुपर्छ । तर, ५० दिनपछि मात्र ती शिशु अस्पताल पुऱ्याइएका थिए ।

'बच्चाको अवस्था निकै गम्भीर भएकाले तत्काल शल्यक्रिया गर्ने अवस्थासमेत थिएन । अक्सिजनको मात्रा बढाउन पुरिने अवस्थामा रहेको जन्मजात मुटुमा हुने एएसडीको उपचारपश्चात् मात्रै धमनीको शल्यक्रिया गर्नुपऱ्यो,' डा. श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'जटिल शल्यक्रिया भएकाले बच्चालाई लामो समयसम्म बेहोस बनाएर राख्ने अवस्था थिएन । जसले गर्दा बच्चाको ज्यानसमेत जान सक्थ्यो ।'

ढिला अस्पताल आइपुग्दा उपचारमा समस्या हुने मात्र नभई ज्यानै जाने जोखिमसमेत हुन्छ । तर, ज्यान नै जाने अवस्थामा बिरामीहरू अस्पताल पुग्ने दर उच्च रहेको चिकित्सक बताउँछन् । चिकित्सकका अनुसार मुटुसम्बन्धी समस्या भएका बालबालिकामध्ये झन्डै ७० प्रतिशत ढिलो अस्पताल आइपुग्ने गरेका छन् ।

'स्वास्थ्यमा समस्या देखिएर गंगालाल ल्याइपुऱ्याइएका अधिकांश बालबालिका काठमाडौंबाहिरका छन् । उपकरण र दक्ष जनशक्ति अभावमा समयमै रोग पत्ता नलाग्ने तथा उपचार नपाउने कारण अधिकांश बालबालिका गम्भीर अवस्थामा मात्रै अस्पताल आइपुग्छन्, जसका कारण उपचारपछि पनि जटिल समस्या आउने जोखिम अत्यधिक हुने गरेको छ,' डा. श्रेष्ठले भने ।

समयमा लक्षण नदेखिने, लक्षण देखिए पनि मुटुरोग पत्ता नलाग्ने र उपचारका लागि काठमाडौं नै आउनुपर्ने बाध्यताका कारण ढिला मात्र अस्पताल पुग्ने दर निकै उच्च रहेको तथ्यांकले देखाउँछ । पछिल्ला वर्षहरूमा तुलनात्मक रूपमा समयमा रिफरल बढेकाले उपचारमा पहुँच बढिरहे पनि अझै शतप्रतिशत बालबालिकाले मुटुको उपचार नपाइरहेको चिकित्सक बताउँछन् ।

### गंगालालमा बर्सेनि पुग्छन् ६ देखि ८ हजार बालबालिका


सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा मात्रै प्रत्येक वर्ष ६ देखि आठ हजार मुटुको समस्या भएका बालबालिका उपचारका लागि आउने गरेका छन् । अधिकांश देशका भिन्नभिन्न अस्पतालबाट रिफर भएका हुन् । ओपिडीमा आउने बिरामीसँगै अन्य अस्पतालबाट रिफरल र इमर्जेन्सीमा गरी सन् २०२२ मा सात हजार दुई सय ४८ बालबालिका उपचारका लागि आएको अस्पतालको तथ्यांक छ । इकोकार्डियोग्राफीका लागि अस्पताल पुगेका बालबालिकामध्ये एक दिनको नवजात शिशुसमेत छन् । यीमध्ये जटिल समस्या भएका अधिकांशमा एस्यानोटिक जन्मजात मुटुरोगको समस्या पाइएको तथ्यांकले देखाएको छ । उपचारका लागि अस्पताल पुगेका बालबालिकामध्ये ३९ प्रतिशतमा सामान्य मुटुको समस्या पाइएको थियो ।

यसबाहेक ३० प्रतिशतमा जन्मजात एसियानोटिक हृदय रोगको समस्या थियो । एसियानोटिक सामान्यतया रगतमा पर्याप्त अक्सिजन हुने, तर शरीरको वरिपरि असामान्य रूपमा पम्प हुने समस्या हो । चि

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार ४ चैत ०७९
nayapatrikaofficial @naya_patrika

ओलीका दुई सारथि

# कहिले बोलचाल बन्द, कहिले सुमधुर सम्बन्ध




> महेश बस्नेत भन्छन् - उहाँ सञ्चारमन्त्री भएपछि मेरो पनि विभिन्न मन्त्रालयमा चर्चा आइरह्यो । त्यसैले उहाँले मलाई प्रतिस्पर्धी ठान्नुभयो कि जस्तो लाग्छ । त्योभन्दा अघि हाम्रो राम्रो मित्रता थियो । उहाँ सरकारमा भइन्जेल खटपट भइरह्यो, अहिले फेरि सम्बन्ध राम्रै छ ।

> गोकुल बास्कोटा भन्छन् - हामी एउटै कमिटीमा छौं । एउटै आन्दोलनमा छौं । हामीबीच वेलावेलामा भेटघाट भइरहन्छ, हाम्रो सम्बन्धबारे तपाईंलाई जसले जे सुनायो, त्यो गलत हो ।

सम्बन्ध खटपट हुने एउटै कारण हो- **पार्टी अध्यक्ष ओलीको विश्वासपात्र को बन्ने ?**

प्रेम गौतम
pnepal123@gmail.com

सम्बन्ध

५४ सालमा देशभरका करिब चार हजार गाविस अध्यक्षमध्ये कान्छो अध्यक्ष महेश बस्नेत चर्चाको शिखरमा थिए । संयोगले मात्रै उनी त्यतिवेला गाविस अध्यक्ष बनेका थिए । तत्कालीन निर्वाचन ऐनअनुसार उम्मेदवार हुन २५ वर्ष पुगुपर्थ्यो । ०५४ जेठमा स्थानीय निर्वाचन हुँदा महेश २२ वर्षमा टेक्दै थिए । त्यहीकारण एमालेले ०४९ मा अध्यक्षमा पराजित भएका ईश्वर थापालाई नै अध्यक्षको उम्मेदवार बनायो । तत्कालीन अवस्थामा गुन्दु गाविसमा एमाले तेस्रो शक्ति थियो । एमालेको गाउँ कमिटी सचिव महेश सामाजिक काममा सक्रिय थिए । मनमोहन अधिकारी नेतृत्वको सरकारले ल्याएको 'आफ्नो गाउँ आफैं बनाऔं' कार्यक्रम कार्यान्वयन संयन्त्रमा रहेर उनी काम गर्दै थिए । कार्यक्रममार्फत तीन लाख बजेट परिचालन गर्नुपर्ने थियो ।

प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र गृहमन्त्री वामदेव गौतम भएको तत्कालीन सरकारले अध्यादेशमार्फत स्थानीय निकायमा उम्मेदवार हुन २१ वर्ष पुगे हुने व्यवस्था गरिदियो । त्यसपछि महेशमाथि अध्यक्ष उठ्नुपर्ने दबाब आयो । पार्टी तेस्रो पोजिसनमा भएकाले अध्यक्षको उम्मेदवारमा अघि सारिएका थापाले पनि सहजै स्विकारे । कमजोर धरातलमा उम्मेदवार बनेका महेश निर्वाचित हुँदै कान्छो गाविस अध्यक्षको रेकर्ड राखे । उनको चर्चा देशभर भयो ।

यता, काभ्रेको डेडिथुम्का माध्यमिक विद्यालयमा अध्ययन गर्दादेखि नै गोकुल बाँस्कोटा राजनीतिमा सक्रिय थिए । जनपक्षीय उम्मेदवारलाई जिताउने अभियानमा उनी अग्रपंक्तिमा खटिएका थिए । ०३७ सालदेखि उनी निरन्तर राजनीतिक अभियानमा थिए । ०४६ सालको जनआन्दोलनमा गोकुलले काभ्रेबाट विद्यार्थी आन्दोलनको अगुवाइ गरेका थिए । गोकुलले राजनीति सँगसँगै पत्रकारितालाई अघि बढाएका थिए । ०४८ सालमै उनी एमालेको जिल्ला कमिटीमा थिए । मिसन पत्रकारिता गरेकाले पार्टी नेताहरूबीच उनी परिचित थिए । जिल्लाको राजनीतिमा पनि उनी पकड बनाउँदै थिए । त्यही क्रममा युवा संघका तत्कालीन केन्द्रीय सदस्य हरिदेव गिरीले गोकुल र महेशको पहिलो औपचारिक भेट ०५५ सालमा गराएका थिए । बागबजारको एक होटेलमा गोकुल र महेशबीच पहिलो भलाकुसारी भएको थियो । महेश र हरिदेव एकै समयमा युवा संघको केन्द्रीय सदस्य भएका थिए । हरिदेव गोकुलसँग पनि नजिक थिए । त्यसपछि गोकुल र महेशबीच वेलावेला भेट भइरह्यो ।

### ...अनि घनिष्ठ सम्बन्ध

गोकुल काभ्रे जिल्ला कमिटी अध्यक्ष थिए । माओवादी शान्तिपूर्ण राजनीतिमा आए पनि काभ्रेमा एमाले नेता तथा कार्यकर्तामाथि धाबा बोलिरहेको थियो । एमाले पार्टी कार्यालयमै आक्रमण गर्ने ढंगले माओवादी अघि बढेको थियो । माओवादीको 'आतंक रोक्न' भन्दै एमालेले युथफोर्स बनायो । त्यसको प्रमुख महेश थिए । पार्टी कार्यालय र कार्यकर्तामाथिको माओवादी प्रहार रोक्न गोकुलले महेशको सहयोग लिए । माओवादीको योजना कसरी विफल पार्ने र नेता तथा कार्यकर्ताको सुरक्षा कसरी गर्ने भन्ने रणनीति तय गरेर गोकुल र महेश फिल्डमा खटिएका थिए । त्यही वेलादेखि गोकुल र महेशको सम्बन्ध घनिष्ठ बनेको हो । काभ्रेमा हुने हरेक कार्यक्रममा महेशलाई निम्तो हुन्थ्यो । महेश पनि भ्याएसम्म प्रायः सबै कार्यक्रममा पुग्थे । 'उहाँ पार्टीको काभ्रे जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । ०६२/६३ को आन्दोलन पछाडि माओवादीले एमालेका नेता तथा कार्यकर्तामाथि काभ्रेमा आक्रमण गरेको थियो । पार्टी कार्यालयमै आक्रमण गर्ने ढंगले माओवादी लागेपछि हामी मिलेर परास्त गरेका थियौं । माओवादीको दादागिरी तोड्ने काम हाम्रै प्लानमा सफल भएको थियो । त्यो वेला हाम्रो सम्बन्ध निकै राम्रो थियो,' महेश सम्झन्छन् ।

### समान स्वभाव

लगाव, खटाइ र जुझारुपनमा गोकुल र महेशको समानता छ । दुवैको स्वभाव निडर र हक्की छ । जननेता मदन भण्डारीले 'राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन' भनेका थिए । यो भनाइ उनीहरूको जीवनमा लागू हुन्छ । हरेक राजनीतिक गतिविधिमा दुवै नेता सक्रिय हुन्छन् । प्रतिस्पर्धीसँग पनि कहिल्यै डराउँदैनन् । भित्तेलेखन, नाराजुलुस, भण्डाफोरजस्ता कार्यक्रममा दुवै नेता अग्रस्थानमा उभिन्छन् ।

पार्टी अध्यक्ष केपी ओलीको रणनीति तयार पार्न दुवै नेता एक ठाउँमा हुन्छन् । ओलीमाथि आइपर्ने हरेक कठिन पस्थितिमा दुवै नेता उभिँदै आएका छन् । दुवै नेता विपक्षीमाथि कडा रूपमा प्रस्तुत हुन्छन् । सार्वजनिक रूपमै आलोचना हुँदासमेत उनीहरू रत्तिभर पछि हट्दैनन् ।

गोकुलले युवा संघ र महेशले अनेरास्वियुको राजनीतिमा थोरै समय बिताए । गोकुल काभ्रेको एमाले राजनीतिमा सर्वस्वीकार्य बनेका छन् भने महेश भक्तपुर र युवा संघको राजनीतिमा । बागमती प्रदेशबाट एमालेको नेतृत्व स्थापित हुनुपर्छ भन्ने दुवैको मान्यता छ । त्यो स्थान आफूले लिन सक्ने र एकअर्को त्यसमा बाधक बन्न सक्ने ठम्याइ उनीहरूको थियो । त्यहीकारण केही समय महेश र गोकुलबीच बोलचालसमेत बन्द भएको निकट नेताहरू बताउँछन् ।

### ओलीका दुई सारथि

२०६५ फागुनमा बुटवलमा भएको आठौं महाधिवेशनमा झलनाथ खनालसँग पराजित भएका ओलीलाई एकपटक पार्टी अध्यक्ष बन्ने इच्छा थियो । तर, उनलाई स्वास्थ्यले साथ दिएको थिएन । निकटहरूसँग ओलीले 'एकपटक अध्यक्ष बन्न पाए हुन्थ्यो' भन्ने गर्थे । नवौं महाधिवेशन नजिकिँदै गर्दा तत्कालीन अध्यक्ष खनालले पुनः अध्यक्षको प्रतिस्पर्धामा नरहेको घोषणा गरे । गोकुल पार्टी राजनीति र महेश युवा संघको राजनीतिमा प्रभाव बढाउँदै थिए । गोकुल र महेशले जसरी भए पनि ओलीलाई पार्टी अध्यक्ष बनाएरै छाड्ने उद्घोष गरे ।

> कुनै वेला गोकुल, महेश, कर्ण थापा र दामोदर अर्यालहरूको कोर टिम थियो । यो टिमले रणनीतिक योजनासमेत तयार पार्थ्यो । त्यसको कार्यान्वयन पक्षबारे पनि यो टिममा छलफल हुन्थ्यो र एकताबद्ध भएर कार्यान्वयन हुन्थ्यो । मदन भण्डारी फाउन्डेसनमा बसेर उनीहरूले धेरै योजना बनाएका छन् ।

महेशले 'ओलीलाई हिवलचियरमा राखेर भए पनि पार्टी अध्यक्ष बनाइन्छ' भन्दै देशव्यापी अभियान सुरु गरे । त्यो अभियानको रणनीति तयार पार्नेमा गोकुल पनि थिए । जतिवेला ओली स्वास्थ्यका कारण देशव्यापी अभियानमा हिँड्न सक्ने अवस्थामा थिएनन् । ओलीको स्वास्थ्यलाई लिएर नकारात्मक प्रचार भइरहेको थियो । गोकुल र महेशहरूकै अभियानबाट १९ असार-१ साउन २०७१ मा काठमाडौंमा सम्पन्न नवौं महाधिवेशनबाट ओली अध्यक्षमा निर्वाचित भए । तर, ओलीका लागि माहोल बनाउने गोकुल र महेश दुवै केन्द्रीय सदस्यमा पराजित भए । पार्टी र संसदीय निर्वाचनमा पराजित भए पनि महेशलाई ओलीले सुशील कोइराला नेतृत्वको सरकारमा उद्योगमन्त्री बनाए । २०६४ सालको निर्वाचनमा तत्कालीन बागमती अञ्चलमा एमालेको 'बिउ' जोगाउने कृष्णप्रसाद सापकोटालाई पन्छाएर गोकुलले ओलीकै बलमा ०७० सालको निर्वाचनमा सांसदको टिकट लिए । जबकि, पार्टीले अघिल्लो निर्वाचनमा निर्वाचित र निकटतम प्रतिद्वन्द्वीलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

### समान दाबी, समान जिम्मेवारी

एमाले र माओवादी एकता भएपछि बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा गोकुल र महेश दुवै केन्द्रीय सदस्यमा मनोनीत भए । केन्द्रीय सदस्य बन्नुअघि गोकुल ओली नेतृत्वको सरकारमा सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री बनेका थिए । केन्द्रीय सदस्य भएपछि गोकुलको मन्त्रीमा बढुवा भयो । गोकुल सरकारभित्रबाट र महेश सरकारबाहिरबाट ओलीको प्रतिरक्षाको खम्बा भएर उभिएका थिए । त्यो क्रममा ओलीको खास विश्वासपात्र को भन्नेमा दुई नेताबीच प्रतिस्पर्धा सुरु भयो । अविश्वास यतिसम्म बढ्यो कि यसले दुवैलाई नोक्सानी मात्रै भयो । १०-१४ मंसिर २०७८ को १०औं महाधिवेशनमा गोकुल र महेश दुवैले पदाधिकारीमा दाबी गरेका थिए । तर, ओलीले तयार पारेको उम्मेदवारको सूचीमा दुवैको नाम पदाधिकारीमा हटाएन । निर्वाचन भएको भए पदाधिकारीमा सहजै जित्ने दुवैको दाबी थियो । ओलीले निकालेको सूचीअनुसार दुवै केन्द्रीय सदस्यको उम्मेदवार बने । दुवैले जिते । त्यसपछि दुवैको दाबी स्थायी कमिटी सदस्यमा रह्यो । सुरुमा दुवैले पार्टी नेतृत्वबाट आश्वासन पनि पाए । तर, बैठकमा प्रस्ताव हुँदा दुवैको नाम अटाएन । हाल दुवै एमाले पोलिटब्युरो सदस्य छन् । स्थायी कमिटीपछिको पोलिटब्युरोको वरीयतामा गोकुल छैटौं र महेश सातौं नम्बरमा छन् । दुवैले सांसद र मन्त्रीको अनुभव पनि सम्हालेका छन् ।

दुवै एउटै धारका नेता । दुवैको प्रदेश बागमती । प्रदेशमा को बढी प्रभावशाली हुने भन्ने स्वाभाविक प्रतिस्पर्धा हुने नै भयो । त्यसमाथि सीमा जोडिएको जिल्ला । बागमतीमा चुनावी परिणाम पनि एमालेको पक्षमा आएन । त्यसमा पनि दुई नेताको चिसिएको सम्बन्धको रूपमा नेता-कार्यकर्ताले अर्थ्याउन थाले । दुई नेताको अन्तरविरोधका कारण परिणाममा असर परेको आरोप लाग्न थाल्यो । गोकुल र महेशको सम्बन्धबारे पार्टीभित्र गाइँगुइँ हल्ला फैलिँदै गयो ।

पार्टीमा पकड र मूल नेतृत्वको विश्वास हुँदाहुँदै पनि पार्टी राजनीतिमा पछि परेको निष्कर्षका साथ गोकुल र महेश संवादमा जुटे । र, निष्कर्ष निकाले-हामीलाई लडाउने र दुवैलाई माइनस गरेर अरूले फाइदा लिए । अविश्वासले दुवैलाई हानि गऱ्यो । सन्तुलन मिलाउनुपर्ने बाध्यतामा नेतृत्व पऱ्यो । त्यसपछि दुई नेताबीच अहिले सम्बन्ध सुधार भएको छ । फेरि अन्तरंग कुराकानी हुन थालेको छ ।

### विकास-निर्माणमा प्रतिस्पर्धा

विकास निर्माणमा दुवै नेता अगाडि मानिन्छन् । कसले आफ्नो क्षेत्रमा बजेट बढी लग्यो भन्ने प्रतिस्पर्धा नै चलेको थियो । आफ्नो क्षेत्रमा विकासे योजना र बजेट कसले बढी लाने भन्ने होडमा केही समय अवस्थ प्रतिस्पर्धासमेत चल्यो । खानेपानी, विद्युत्, सडक सञ्जाल दुवै नेताको प्राथमिकतामा पर्छन् । गोकुल सांसद र मन्त्री हुँदा काभ्रेमा इतिहासमै धेरै बजेट आएको नेताहरू बताउँछन् । उनले चुनावी एजेन्डा नै विकास-निर्माणलाई बनाएका थिए । यसपटक संघीय निर्वाचनमा गोकुल विजयी भए भने महेश पराजित । काभ्रेमा गोकुल र भक्तपुरमा महेशको नेतृत्वमा विकास-निर्माणका थुप्रै काम भएका छन् ।

गोकुलले प्रतिनिधित्व गर्ने काभ्रे र महेशले प्रतिनिधित्व गर्ने भक्तपुर छिमेकी जिल्ला हुन् । त्यहाँमाथि गोकुलले भक्तपुरको मनोहरामा घर बनाएका छन् । सूर्यविनायक-धुलिखेल सडक विस्तारको क्रममा यी दुईले ठूलो जोडबल गरेका थिए । राजनीतिकका साथै विकास निर्माणको सन्दर्भमा पनि दुई नेताबीच पटक-पटक छलफल भएको छ । 'मनोहरा (गोकुलको घर)मा पनि दुई नेताबीच वेलावेलामा छलफल हुन्छ । राजनीतिका साथै विकास-निर्माण आदिमा मिलेर जाने कुरा हुन्छ । मनोहराको पानी ट्यांकी बनाउँदै गर्दा केही वर्षअघि भूक्षय भएको थियो । त्यो समस्या समाधानमा पनि दुई नेताको संयुक्त पहल थियो ।' गोकुलनिकट एक नेताले भने । गोकुलको घर भएको मनोहरा बस्ती प्लानिङभित्र छ । प्लानिङको बाटोमा सरकारी बजेट नहाल्ने भन्ने थियो । तर, यी दुवै नेताको पहलमा प्लानिङको जग्गामा पनि सरकारी बजेट परेको थियो । त्यही कारण मनोहरा बस्तीका सडक चिल्ला छन् ।

### कोर टिम तितरबितर

कुनै वेला गोकुल, महेश, कर्ण थापा र दामोदर अर्यालहरूको कोर टिम थियो । यो टिमले रणनीतिक योजनासमेत तयार पार्थ्यो । त्यसको कार्यान्वयन पक्षबारे पनि यो टिममा छलफल हुन्थ्यो र एकताबद्ध भएर कार्यान्वयन हुन्थ्यो । मदन भण्डारी फाउन्डेसनमा बसेर उनीहरूले धेरै योजना बनाएका छन् । पार्टीभित्र विचार समूहलाई बलियो बनाउनकै निम्ति फाउन्डेसन बनाइएको नेताहरूको बुझाइ छ । फाउन्डेसनमा बसेर उनीहरूले पटक-पटक रणनीति बनाएका छन् ।

त्यो कोर टिम अहिले तितरबितर छ । गोकुल, महेश र कर्ण एमालेमै छन् । तर, पहिलाको जस्तो कोर टिम छैन । कोर टिममा सल्लाह गर्दै रणनीति बनाउने र कार्यान्वयनमा उत्रने हुँदैन । दामोदर भने पार्टी विभाजित भएपछि एकीकृत समाजवादीमा लागेका छन् । 'उहाँहरूबीच राम्रो सम्बन्ध थियो । तर, पछि खटपट आयो । व्यक्तिगत रूपमा दुस्मनी छैन । आत्मीयता पनि छैन, औपचारिक सम्बन्ध छ । बीचमा केही समय भने बोलचाल नै थिएन,' अर्याल सम्झन्छन् । थापाले भने यस विषयमा कुरा गर्ने चाहेनन् । 'यो विषयमा के कुरा गर्नु र ? केही दिनअघि वार्ता भयो रे भन्ने सुनेको छु ।' गोकुलसँगको सम्बन्धमा बीचमा केही खटपट आएको महेश स्विकार्छन् । 'उहाँ सञ्चारमन्त्री भएपछि मेरो पनि विभिन्न मन्त्रालयमा चर्चा आइरह्यो । त्यसैले उहाँले मलाई प्रतिस्पर्धी ठान्नुभयो कि जस्तो लाग्छ । त्योभन्दा अघि हाम्रो राम्रो मित्रता थियो । उहाँ सरकारमा भइन्जेल खटपट भइरह्यो, अहिले फेरि हाम्रो सम्बन्ध राम्रै छ,' महेश भन्छन् ।

गोकुल भने बाहिर आएजस्तो विवाद र मनमुटाव नभएको दाबी गर्छन् । भन्छन्, 'हामी एउटै कमिटीमा छौं । एउटै आन्दोलनमा छौं । हामीबीच वेलावेलामा भेटघाट भइरहन्छ, हाम्रो सम्बन्धको बारेमा तपाईंलाई जसले जे सुनायो, त्यो गलत हो ।'

दुवैलाई नजिकबाट चिनेका युवा संघका पूर्वकेन्द्रीय उपाध्यक्ष एवं एमाले काभ्रेका उपाध्यक्ष चन्द्र लामाका अनुसार गोकुल र महेशका धेरै कुरा मिल्छन् । व्यक्तित्वकै कारण कहिलेकाहीं समस्या आउने गरेको छ । 'दुई सिंह एउटै जंगलमा भएपछि के हुन्छ ? उहाँहरूबीच भएको त्यही हो ।' बागमती प्रदेश सरकारका पूर्वमन्त्रीसमेत रहेका लामा स्मरण गर्छन्, 'उहाँहरूबीच कहिले दूरी बढ्छ, कहिले मिल्नुहुन्छ ।'

### गोकुल बालकोट बसेपछि खटपट

प्रधानमन्त्री बनेपछि ओली सरकारी निवास बालुवाटार सरे । ओली सरकारमै मन्त्री बनेका गोकुल भने ओलीनिवास बालकोट पुगे । बालकोटमा बसेर गोकुलले ओलीको खास विश्वास पात्रको रूपमा आफूलाई उभ्याएका थिए । महेश भक्तपुर-२ को निर्वाचित सांसद । ओलीनिवास बालकोट यही क्षेत्रमा पर्छ । खास ओलीको उत्तराधिकारीकै रूपमा महेशले पनि आफूलाई अघि बढाइरहेका थिए । त्यसबीचमा ओलीको विश्वास कसले बढी जित्ने भन्ने हिसाबले दुई नेताबीच दूरी बढेको जानकारहरू बताउँछन् । 'गोकुल दाइ मन्त्री भएपछि महेश दाइसँग अलि बढी खटपट भयो । मुख्यत, अध्यक्षको विश्वास कसले जित्ने भन्ने नै हो । बजेट कसले बढी आफ्नो क्षेत्रमा पार्ने भन्ने विषयमा पनि दुई नेताबीच प्रतिस्पर्धा चल्यो ।' दुवैलाई नजिकबाट बुझेका एक नेताले भने । त्यतिवेला गोकुल र महेशबीच बोलचाल नै बन्द भएको स्रोतको दाबी छ ।

### अन्तरंग कुराकानी

राजनीतिबाहेक अरू विविध विषयमा पनि गोकुल र महेशबीच अन्तरंग कुराकानी हुन्छ । दलीय समीकरण बनाउने, भत्काउने आदि इत्यादि कुरामा दुई नेताबीच छलफल चलिरहन्छ । गोप्य रणनीतिअनुसार नै जसपाका तत्कालीन सांसद डा. सुरेन्द्र यादवलाई लिन महेशसहित सर्वेन्द्र खनाल र किसन श्रेष्ठ जनकपुर पुगेका थिए । जुन 'सांसद अपहरण काण्ड'को रूपमा चर्चित भयो । डा. यादवलाई जनकपुरबाट राजधानी ल्याउने जिम्मा महेशको थियो भने राजधानीमा व्यवस्थापन गर्ने जिम्मा गोकुलसहित खगराज अधिकारीहरूको थियो । तर, त्यो योजना सफल भएन । तत्कालीन प्रधानमन्त्री एवं नेकपा अध्यक्ष ओलीले पार्टी विभाजनसम्बन्धी अध्यादेश नै फिर्ता लिने स्थिति बन्यो ।

'राजनीतिक, विकास-निर्माण र अरू विषयमा पनि छलफल हुन्छ' गोकुलनिकट एक नेताले भने, 'बीचमा केही समस्याजस्तो थियो । अहिले फेरि सम्बन्ध सुधार भएको छ । उहाँ (महेश) वेलावेलामा मनोहरा छिर्ने गर्नुहुन्छ । बाहिर पनि भेट हुन्छ ।'

गत प्रतिनिधिसभा निर्वाचनमा विजयी भएपछि महेशकै सक्रियतामा भक्तपुर नगर उद्योग वाणिज्य संघको तर्फबाट गोकुललाई सम्मान गरिएको थियो । 'काभ्रेमा युवा संघको व्यापक गतिविधि हुने भयो । म काभ्रेको कार्यक्रममा अलि बढी गएको छु, भक्तपुरको कार्यक्रममा उहाँ अलि कम आउनुभएको छ । म उहाँको घर (मनोहरा)मा अलि बढी गएको छु, उहाँ मेरो घरमा अलि कम आउनुभएको छ,' महेश सम्झन्छन् ।

तर, दुवै नेता बोलचाल नै बन्द भएको स्विकार्दैनन् । केही नेताले दुई नेताबीच सम्बन्ध बिगार्न भूमिमा खेलेको चर्चा हुने गरेको छ । तर, अहिले दुवै नेताको सम्बन्ध सुधार हुँदै गएको

» पृष्ठ ४ मा क्रमशः

# चर्चित गीत
# गुमनाम गीतकार





**पवन बराइली**
pawanbaraili4@gmail.com

संगीत

**गीतकार प्रकाश सुवेदीले चर्चित संगीतकारहरू सुरेश अधिकारी, वसन्त सापकोटा, हरि लम्साल, लक्ष्मण शेषलगायतसँग सहकार्य गरिरहेका छन् । उनका गीतहरू स्वरुपराज आचार्य, शिव परियार, सिडी विजय अधिकारी, कमल खत्री, अञ्जना गुरुङ, मेलिना राई, मिलन नेवार, राज सागरलगायतले गाएका छन् ।**

नेपाली साहित्य, गीत-संगीत र चलचित्र क्षेत्रमा सक्रिय नाम हो, प्रकाश सुवेदी । रूपा गाउँपालिका-७ कास्कीमा मध्यमवर्गीय परिवारमा जन्मिएका सुवेदीको हाईस्कुलसम्मको पठनपाठन गाउँकै विद्यालयमा भयो । ०५४ सालमा उच्च शिक्षाका लागि पोखरा झरेका प्रकाशले पृथ्वीनारायण क्याम्पसबाट स्नातकोत्तरसम्मको अध्ययन गरे ।

०६२ सालदेखि प्रकाशले अध्ययन, साहित्य र व्यावसायलाई सँगसँगै लैजाने सोचले 'क्रिएटिभ मनकामना फिल्मस्' नामक कम्पनीमा प्रबन्ध निर्देशकको रूपमा काम गर्न थाले । कम्पनीले श्रव्य र दृश्य विधाका सामग्री उत्पादन र प्रसारण गर्ने गऱ्यो ।

०६३ देखि उनले 'भोलि अहिल्यै देखिँदैन' र 'जिन्दगी अलवेज कम्प्रोमाइज' नामक धारावाहिक शृंखलाको शीर्ष गीत लेखे । उनले विभिन्न टेलिचलचित्र र ठूलो पर्दाका चलचित्र 'गुरुदक्षिणा' र 'सिग्नेचर'समेत निर्माण गरेका छन् । चलचित्र 'गुरुदक्षिणा'मा उनको 'नहटोस् स्वाभिमान नझुकोस् शिर'बोलको गीत छ, जुन चलचित्र २०६५ सालमा निर्माण भएको थियो ।

०६५ मा प्रकाशले स्वरुपराज आचार्यको स्वरमा 'कसैका कुरा सुनेर हो कि' बोलको आधुनिक गीत रेकर्ड गराएका थिए, जुन गीत विन्ध्यवासिनी म्युजिकबाट बजारमा निकालिएको 'वरदान' एल्बममा समाविष्ट छ । वियोगान्त शैलीमा लेखिएको सो गीतको भिडियो नबनेको भएता पनि अडियो चाहिँ रेडियो र एफएमहरूबाट श्रोतामाझ निकै रुचाइएको थियो ।

०७२ सालमा गायक शिवकुमार चौधरीको एकल स्वरमा प्रकाशको एकल लेखन भएको 'भावना' नामक एल्बम बजारमा आयो । सो एल्बममा प्रकाशका 'नभेट्दा मन यति मिल्छ,' 'आँखा बन्द गरे पनि', 'तिमीले आँट्यौ न मैले आर्टै,' 'तिमीलाई यति सम्झिएछु,' र 'हेल्लो हाई भन्नु केबल' गरी पाँच गीत समावेश छन् । त्यो एल्बममा समाविष्ट पाँचवटै गीत प्रेमी भावका थिए । 'तिमीलाई यति सम्झिएछु,' र 'नभेट्दा त मन यति मिल्छ' श्रोताले निकै रुचाए ।

०७३ सालमा प्रकाशले वरिष्ठ संगीतकार सुरेश अधिकारी र चर्चित संगीतकार वसन्त सापकोटासँग पनि काम गरे । संगीतकारद्वयसँग उनले बालमनोविज्ञानमा आधारित गीत 'जति माया लाग्छ मामुको' र राष्ट्रिय भावको गीत 'टुक्रिएको देश हैन' बोलको गीतमा काम गरे । 'जति माया लाग्छ मामुको'मा आमाबुबाहरू एकआपसमा झगडा गर्दा अथवा बिछोडिँदा बच्चाको कलिलो मानसपटलमा पर्न जाने असरलाई दर्साइएको छ । 'टुक्रिएको देश हैन' बोलको गीतमा शीर्ष दलका नेता र शासकले देशलाई संघीयताको नारा दिँदै जातीयताको आधारमा खण्डित गर्न खोजेकाले सावधान गराइएको छ । सो गीतलाई बालगायिका प्रिसा र गायक स्वरुपराज आचार्यले स्वर दिएका छन् ।

०७३ सालमा प्रकाशको एकल एल्बम 'प्रदीप्त' र सामूहिक एल्बम 'समिश्रण' बजारमा आयो । 'प्रदीप्त'मा गायक सिडी विजय अधिकारीको स्वर छ । एल्बममा 'आऊ न सानू मिठा मिठा प्रितको बात गरम', 'आफ्नै गाईले आफैँलाई मारे'लगायत गीत समावेश छन् । यसबीच प्रकाशका दर्जनौँ फुटकर गीत पनि रेकर्ड भएका छन् ।

प्यासनलाई प्रोफेसन बनाउन सक्नुपर्छ भन्ने प्रकाशले संगीतकर्मका अतिरिक्त वैदेशिक रोजगार बोर्डको सचिवालय, स्वास्थ्य बिमा बोर्ड, कम्पनी रजिस्ट्रारको कार्यालयलगायत सरकारी निकायका लागि सम्बन्धित निकायकै बजेटमा सन्देश र सूचनामूलक गीति भिडियो पनि तयार पारेका छन् । प्रकाशले वैदेशिक रोजगार बोर्डका लागि तयार पारेको गीत 'सीप सिकौँ दक्ष बनौँ'बाट भर्खरै सम्पन्न राप्ती म्युजिक अवार्ड २०७९मा उत्कृष्ट सन्देशमूलक गीतकारको उपाधि हात पनि पारे ।

प्रकाशले विभिन्न धार्मिक, पौराणिक, ऐतिहासिक, पर्यटकीय तथा जैविक विविधतालगायत विषयमा स्थानीय तहकै बजेटमा परिचयात्मक गीत पनि बनाएका छन् । प्रकाशको अनुसन्धान, लेखन र निर्माणमा तयार भएका पनौती सुन्दर पनौती (पनौती नगरपालिकाको परिचयात्मक गीत) हाम्रो प्यारो रूपामा (रूपा गाउँपालिकाको परिचयात्मक गीत), संस्कृतिले भरिपूर्ण सम्पदाकी खानी (दक्षिणकाली नगरपालिकाको परिचयात्मक गीत) अहिले चर्चामा छ ।

प्रकाशले चर्चित संगीतकारहरू सुरेश अधिकारी, वसन्त सापकोटा, हरि लम्साल, लक्ष्मण शेषलगायतसँग सहकार्य गरिरहेका छन् । उनका गीत स्वरुपराज आचार्य, शिव परियार, सिडी विजय अधिकारी, कमल खत्री, अञ्जना गुरुङ, मेलिना राई, मिलन नेवार, राज सागरलगायतले गाएका छन् ।

सूक्ष्म विषयवस्तु, सरल शब्द संयोजन, गहन अनुसन्धान प्रकाशका लेखकीय विशेषता हुन् । मौलिक गीत लेख्ने गीतकार प्रकाशका गीतमा संगीत भर्न नेपाली संगीतकार लालायित हुन्छन् ।

प्रकाशका 'असारै लाग्यो दर्कियो पानी', 'आहा कति सुन्दर ठाउँ', 'सन्तातिले धिक्कार्लान् फेरि', 'हुन्छ हुन्छ हुन्छ भन्दा भन्दै टाऱ्यौ सान्नानी', 'एउटै छानो एउटै मानो' लगायत गीत चर्चामा छन् । सस्तो प्रचारप्रसारमा भन्दा स्तरीयतामा विश्वास गर्ने प्रकाशका सिर्जनामा निखारपन र बौद्धिकपन प्रस्ट झकिल्छ ।

'असारै लाग्यो दर्कियो पानी' बोलको गीतमा प्रवासी जीवन झल्किन्छ । 'सानी कान्छी छोरी पनि अब त ठूली भैसकी होला । अब घर जाँदा नचिन्ने पो हो कि ?' यो प्रश्न अधिकांश परदेशीको मनमा हुन्छ । परदेशीलाई परिवार मात्र हैन गाउँबेंसी, बाल्यकाल, साथीभाइ, आफन्तलगायत सिंगो परिवेशको यादले सताउँछ । परदेशीलाई आफ्नैसँग विरानो हुनुपरेको आभासले सताउँछ ।

गायक सिडी विजय अधिकारीको स्वर र संगीतमा रहेको 'छोड्देऊ पद कटेसी सत्तरी' प्रकाशले वृद्ध नेतालाई व्यंग्य गरेर लेखेका हुन् । नेपाली राजनीतिमा सत्ता र दलको नेतृत्व जहिले पनि वृद्ध र अशक्त नेताहरूले गर्दै आएका छन् । कुर्सीमोहमा चुम्बकझैँ टाँस्सिरहने नेतृत्वलाई प्रकाशले गीतमार्फत व्यंग्य गरेका छन् । साथै गीतमार्फत नै नयाँ पिँढीलाई मार्गप्रशस्त गर्न सस्सम्मान अनुरोध पनि गरेका छन् ।

आगामी दिनमा पनि गीत लेखनलाई निरन्तरता दिइरहने बताउँदै प्रकाश भन्छन्, 'म अरू जुनसुकै पेसा व्यवसायमा रहूँ । गीत लेखन छाड्न सक्दिनँ । गीत लेख्नु मेरो सपना हो ।'

## कहिले बोलचाल...

**पृष्ठ ३ बाट क्रमशः**

छ । अन्तरंग कुराकानी पनि हुन थालेको छ । 'पछिल्लो वेला दुवै नेता एकअर्काको एन्टी होइन रहेछ, हामीलाई फुटाएर अरूले फाइदा लिएका रहेछन् भन्नेमा पुग्नुभएको छ । बीचमा औपचारिक मात्रै कुराकानी हुन्थ्यो । अहिले भने अन्तरंग नै कुराकानी हुन थालेको छ,' एक नेताले भने ।

### गृहले चुलिएको विवाद

'७० करोड घुस लिएको' आरोप लागेपछि गोकुलले मन्त्री पदबाट राजीनामा दिएका थिए । त्यसपछि ओली र प्रचण्ड-नेपाल समूहको विवादले उग्र रूप लिएको वेला सर्वोच्च अदालतले एमाले र माओवादीलाई अलग-अलग पार्टी बनाइदिएको थियो । तत्कालीन गृहमन्त्री रामबहादुर थापा माओवादीमा नफर्की एमालेमै बसेपछि माओवादीले सांसदबाट कारबाही गरेको थियो । गैरसांसदको रूपमा पुनः गृहमन्त्री नियुक्त भएका थापाको नियुक्ति सर्वोच्च अदालतले बदर गरिदिएको थियो । त्यसपछि गृहमन्त्री बन्ने सूचीमा महेश थिए । तर, अन्तिममा खगराज अधिकारी गृहमन्त्री बने । गोकुलसहित प्रधानमन्त्रीको सचिवालयमा रहेकाहरूले आफ्नो नाम अन्तिममा हटाइदिएको महेशको आरोप थियो । त्यसपछि गोकुल र महेशको विवाद चुलिएको नेताहरू बताउँछन् ।

### अबको हिसाबकिताब

एउटै पार्टी, एउटै समूहमा रहेर मुख्य गरी केपी ओलीलाई स्थापित गराउन दुवै नेताले महत्त्वपूर्ण भूमिका खेलेका छन् । गोकुल र महेश ओलीका खास सारथि हुन् । ओलीलाई राष्ट्रिय राजनीतिमा स्थापित गराउन दुवैको महत्त्वपूर्ण भूमिका छ । उमेर हदका कारण ओलीले ११औँ महाधिवेशनबाट नेतृत्व छाड्दा कता उभिने भन्ने विषयमा गोकुल र महेशले निर्णय लिइसकेका छैनन् । तर, अन्तरकुन्तर छलफल भने सुरु भइसकेको छ । विधान संशोधन गरेर ओली नै अध्यक्षमा रहिरहे दुवैको साथ उनैलाई हुने निश्चित रहेको उनीहरूनिकट नेताहरू दाबी गर्छन् ।

ओलीले निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टी राजनीतिमा अघि सारे दुवै भण्डारीकै पक्षमा उभिने स्थिति छ । तर, ओली र भण्डारी अलग्गिने अवस्थामा भावी नेतृत्वका लागि उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखेरल मैदानमा उत्रिनेछन् । त्यस्तो स्थितिमा गोकुल र महेशको कित्ता फरक पर्न सक्ने धेरैको आकलन छ । शंकरको पक्षमा गोकुल र विष्णुको पक्षमा महेश लाग्ने नेताहरू दाबी गर्छन् । अहिले पनि त्यो ढंगले संकेत मिलेको स्रोतको दाबी छ । तर, गोकुल र महेश दुवै यसको खण्डन गर्छन् । 'त्यसरी राजनीति अगाडि बढेको छैन । हामी सिंगो एमाले हौँ । यहाँ पक्ष र विपक्ष भन्ने छैन,' गोकुल दाबी गर्छन् ।

प्रदेश र प्रतिनिधिसभा निर्वाचनपछि शंकरसँग गोकुल चिढिएको बताइन्छ । गोकुलले चन्द्र लामालाई काभ्रे १ बाट प्रतिनिधिसभा सदस्य बनाउन चाहेका थिए । तर, शंकरलगायतले चन्द्रलाई टिकट नदिएको बुझाइ गोकुलको छ । चन्द्रले प्रतिनिधिसभामा टिकट पाएको भए जित्ने दाबी गोकुलले गर्दै आएका छन् । प्रदेश र प्रतिनिधिसभा निर्वाचनपछि एमाले मोर्चा संगठनको एउटा कार्यक्रम काभ्रेमा थियो । त्यहाँ गोकुल उपस्थित भएनन् । काभ्रेमै भएको कार्यक्रममा खेकलुद महासंघको इन्चार्जसमेत रहेका गोकुल अनुपस्थित भएपछि धेरै चर्चा परिचर्चा भयो । जुन कार्यक्रममा ओली पनि सहभागी थिए । तर, गोकुल खेलकुद महासंघको कार्यक्रममा पूर्वमा रहेकाले मोर्चा संगठनको कार्यक्रममा सहभागी हुन नसकेको उनीनिकट नेताहरू दाबी गर्छन् । युवा संघको इन्चार्जको रूपमा महेश भने उक्त कार्यक्रममा उपस्थित थिए । कार्यक्रमस्थलबाटै गोकुललाई महेशले फोन गरेको उक्त कार्यक्रममा सहभागी एक नेताले बताए । 'त्यसबाट पनि गोकुल र महेशको सम्बन्ध सुधार भएको बुझ्न सकिन्छ' कार्यक्रममा सहभागी ती नेताले भने, 'फोनमै गोकुलले केही गुनासो राख्नुभएको थियो ।'

महेश पनि ११औँ महाधिवेशनको बहस सुरु भइनसकेको दाबी गर्छन् । 'मेरो विष्णु र शंकर दुवै नेतासँग समान खालको सम्बन्ध छ । राजनीतिक मुभमेन्टमा शंकर पोखरेलले सधैँ सहयोग गर्नुभएको छ । भक्तपुरको विकास निर्माण आदि, इत्यादिमा विष्णु पौडेलले सहयोग गर्नुभएको छ । मैले दुवै नेतासँग रिलेसन मेन्टेन गरेको छु,' महेश भन्छन् ।


यी दुवै नेताको राष्ट्रिय र पार्टीका मुद्दामा कुरा मिल्छ । 'कतिपय राष्ट्रिय मुद्दामा, पार्टीको योजना बनाउने सवालमा पनि कुराकानी हुन्छ । संविधान संशोधन गरेर दुईदलीय व्यवस्थातिर जाने, पार्टीको केन्द्रीय कमिटी सानो बनाउने, प्रदेश कमिटीलाई खारेज गर्ने वा प्रभावकारी बनाउने, संघीयतामा पुनर्विचार गर्ने कुरामा दुई नेताबीच मतभेद छैन । धेरै कुरामा समानता छ,' उनीहरूनिकट नेताहरू बताउँछन् ।

# मुगलकालीन वास्तुकलाको प्रतीक
# आमेर प्यालेस




**राजु स्याङ्तान**
rajusyangtan2020@gmail.com

फोटो कथा







काठमाडौंबाट ११ सय ६२ किलोमिटर टाढा पर्छ, भारतको राजस्थानमा रहेको आमेर फोर्ट (आमेर किल्ला) । राजस्थानको राजधानी जयपुरको सानो पहाडमा निर्मित यो किल्लाको मुख्य आकर्षण आमेर दरबार हो । दिल्लीबाट २६० किलोमिटर पश्चिम-दक्षिणमा पर्ने यो दरबारको इतिहास करिब साढे चार सय वर्ष पुरानो छ । सन् १५८९ मा राजपुत राजा मानसिंह आमेरले यो दरबार बनाउन लगाएका थिए । उनको बुबा मुगल सम्राट अकबरका प्रधान सेनापति थिए । मानसिंह आमेरका उत्तराधिकारीहरूले दरबारलाई विस्तार गरिरहे । सोहीकारण यो दरबार बन्न १५७ वर्ष लागेको बताइन्छ । राजपुत महाराजहरूले यस ठाउँमा दरबार र किल्ला बनाउनुअघि त्यहाँ मिणा जनजातिहरू बस्ने गरेको बताइन्छ । हाल यो जातिलाई त्यहाँको पिछडा वर्गमा सामेल गरिएको छ ।


युनेस्कोमा सूचीकृत यो दरबार विलासिला र सुरक्षित रहनका लागि बनाउन लगाइएको थियो । दरबारभित्र सिस महलदेखि अर्को किल्लामा जाने १५ सय मिटरको गोप्य सुरुङ पनि छ । परेड मैदान, महाराज र आममानिस प्रवेश गर्ने अलगअलग द्वार, राजाले जनताको गुनासो सुन्ने स्थान, रानीले जनताको गुसानो सुन्ने झ्याल, आगुन्तकका लागि बस्ने अलग स्थान, सिंगमरमरले बनेका स्तम्भहरू, १२ महारानी बस्ने अलग-अलग हबेली, तातो र चिसो पानी आउने भव्य मार्बललले बनेको बाथरुम, दरबारका भित्तामा कुँदिएका आकर्षक चित्रकलाहरू, युद्धमा हिँडेका राजाका लागि दीप प्रज्वलन गर्ने स्थान, दरबारको माथि वाच टावर र दरबारभित्रै ठुल्ठूला आकर्षक गार्डेन यहाँका हेर्न लायक खास वस्तु हुन् ।

> सन् १५८९ मा राजपुत राजा मानसिंह आमेरले यो दरबार बनाउन लगाएका थिए । उनका बुबा मुगल सम्राट् अकबरका प्रधानसेनापति थिए । मानसिंह आमेरका उत्तराधिकारीहरूले दरबारलाई विस्तार गरिरहे । सोही कारण यो दरबार बन्न १५७ वर्ष लागेको बताइन्छ ।

यो स्थानलाई बलिउड सिनेकर्मीहरूले पनि निकै उपयोग गरेका छन् । यही दरबारकै कथा वरिपरि घुमेको फिल्म हो, 'जोदाह अकबर' । 'वीर' 'भुलभुलैया' 'मणिकर्णिका'लगायतका बलिउड फिल्महरू यही दरबारमा छायांकन गरिएको थियो । सडकदेखि पैदल करिब ३० मिनेटको दूरीमा रहेको दरबारमा पैदल, हात्तीमा र सवारी रिजर्भ गरेर जान सकिन्छ । मुगलकालीन दरबारमा त्यसवेलाका शिल्प मनग्ये हेर्न सकिन्छ । साथै, साढे चार सय वर्षअघिका राजामहाराजाहरूको जीवनशैलीसमेत दरबार हेरेर अनुमान गर्न सकिन्छ ।

राजस्थानको जयपुर पुग्नेहरू एकपटक यो स्थानमा पुग्दा पछुताउनुपर्दैन । दरबार पुग्नुअघि राजस्थानी संगीतको धुन बाटोमै सुन्न पाइन्छ । दरबारको इतिहासबारे थप जान्न चाहनेहरूले गाइडको सहयोग लिँदा हुन्छ । राजस्थानीहरूले यो दरबारलाई आफ्नो सान सम्झेका छन् । यही दरबार र किल्ला हेर्न दैनिक हजारौँ आन्तरिक र बाह्य पर्यटकको घुँइचो लाग्ने गरेको छ ।

# भोगाइहरूको दस्ताबेज



**विनोद अधिकारी**

चर्चा

केही समयअघि वरिष्ठ पत्रकार एवं प्राध्यापक पुरुषोत्तम दाहालबाट दुईवटा कृति 'मेरो पत्रकारिता' र 'काला बादलमा उज्याला पाइला' स्नेहपूर्वक प्राप्त भयो । पहिलो पुस्तक उहाँको चार दशकको राजनीतिक उतारचढावको जानकारी र सूक्ष्म विश्लेषण हो र दोस्रोचाहिँ गद्य र पद्यसहितका समसामयिक ४० वटा कविताको संग्रह हो । चार दशकअघिदेखि पत्रकारिता, राजनीतिक, सामाजिक, मानव अधिकार र साहित्य क्षेत्रमा अनवरत लागिरहने अग्रज व्यक्तित्व हुनुहुन्छ-पुरुषोत्तम दाहाल । प्रस्तुत दुई कृति उहाँका दर्जनौँ कृतिमध्ये पछिल्ला समयका कृतिहरू हुन् । जसमध्ये यस लेखमा उहाँको 'मेरो पत्रकारिता' पुस्तकबारे केही कुरा अभिव्यक्त गर्न खोजेको छु ।

'मेरो पत्रकारिता' २०७३ भदौमा प्रथमपटक प्रकाशन भएको हो भने द्वितीय संस्करण ०७५ फागुनमा । करिब पाँच सय पेजको यो पुस्तक (द्वितीय संस्करण) लेखककै भाषामा चार दशकको राजनीतिक उतारचढावको जानकारी र सूक्ष्म विश्लेषण हो । यो १६ खण्डमा विभक्त छ । अनुसूचीहरू पनि राखिएका छैनन् । पुस्तकमा जीवनका आरोहअवरोह, घटना परिघटना, तीतामीठा अनुभव आदि विषयहरू सरल शैलीमा र कसिला अनुच्छेदमा प्रस्तुत गरिएका छन् । पुस्तकको प्रकाशन 'सूचना चौतारी सञ्चार सहकारी संस्था लिमिटेड'ले गरेको हो ।

पुस्तकमा प्रकाशकीयसहित होमनाथ दाहाल, किशोर नेपाल, नारायण भट्टराई, कलानिधि दाहाल, तीर्थराज अधिकारीबाट लेखकप्रति आभार र शुभकामना व्यक्त गरिएका छन् । पुस्तकका १६ खण्डले लेखकका जीवनका जिम्मेवारी र व्यक्तिगत तथा सार्वजनिक जीवनका विभिन्न मोडलाई बताएका छन् । जस्तै- पहिलो खण्ड 'पत्रकारितामा पहिलो पाइलो', दोस्रो खण्ड 'सैद्धान्तिक पत्रकारिताका निम्ति राष्ट्रपुकार', पाँचौँ 'व्यावसायिक पत्रकारिता र देशान्तर यात्रा', सातौँ 'रेडियो नेपालमा कार्यक्रम घटना र विचार', एघारौँ 'सञ्चार सल्लाहकार अनुभव', चौधौँ 'यात्राः च्यानल नेपाल टेलिभिजन' आदि आदि ।


नेपाली राजनीतिका शिखरपुरुष, जननायक स्वर्गीय बिपी कोइरालादेखि त्यसपछिका विभिन्न पार्टीका शीर्ष व्यक्तित्वहरूसँगको सान्निध्य तथा सहकार्य, उहाँहरूका स्वभाव, विशेषता र उहाँहरूबाट सिकेका पाठहरूलाई लेखकले सरल शैलीमा पुस्तकमा उतार्नु भएको छ । यद्यपि, सैद्धान्तिक राजनीतिक आस्थाको हिसाबले वामपन्थी र अन्य विभिन्न धारका राजनीतिक नेतृत्वपंक्तिभन्दा प्रजातान्त्रिक मूल्य-मान्यता बोकेका र अनवरत रूपमा त्यसैका लागि लड्दै आएका नेपाली कांग्रेसका नेतृत्वपंक्तिसँग लेखकको सान्निध्यता र सहकार्य धेरै रहेको कुरा पुस्तकमा स्पष्टै देखिन्छ । नेतृत्व पंक्तिहरूसँगका तिनै सान्निध्य र सहकार्यले गर्दा लेखकलाई सजिला, असजिला सबै परिवेशको सामना गर्ने आत्मशक्ति मिलेको, मिलिरहेको आभास हुन्छ । जीवन-भोगाइका सानातिनाजस्ता लाग्ने केही सन्दर्भहरू पनि पुस्तकमा कतै उल्लेख भएका छन्, जसले लेखकको कलम कुनै बनावटी कुराभन्दा पनि खुला र स्वतस्फूर्त भावनामा दौडेको देखाउँछ ।

जीवनका विभिन्न कालखण्डमा देशको राजनीतिक तथा सामाजिक रुपान्तरणका अभियानमा संलग्न भएर पनि समयक्रम र परिस्थितिले ओझेलमा परेका अर्थात् गुमनाम भएका थुप्रै अग्रज तथा समकालीन व्यक्तिहरूको तत्तत् समयको योगदानलाई पनि लेखकले सकेसम्म सम्झने, उजागर गरिदिने प्रयास गर्नुभएको छ । जुन विषयले ती व्यक्तिहरूको सम्मान भएको अनुभव हुन्छ । यो प्रस्तुत पुस्तकको अर्को महत्त्वपूर्ण पक्ष हो ।

पुस्तकमा जीवनका यथार्थ भोगाइहरू, जीवनदर्शन, देशको राजनीतिक घटना उल्लेख छन् । दुर्गम











पहाडी परिवेशमा जन्मे-हुर्केर १२ वर्षको कलिलै उमेरमा जन्मघर र बुबा आमाको काख छोडी काठमाडौं (लेखकको भाषामा महासमुद्र)मा आएर सामान्य जीविकाका लागि भोग्न परेको कठोर परिस्थिति, आरोह-अवरोहदेखि अहिलेको सिद्धहस्त पत्रकार, प्राध्यापक, मानव अधिकारको कर्मठ अभियन्ता, एक कुशल राजनीतिक विश्लेषक अनि स्थापित साहित्यकारसम्मको संघर्षशील जीवनका भोगाइ सबै पुस्तकभित्र विभिन्न सन्दर्भमा अभिव्यक्त छन्, जुन विषय सबैका लागि प्रेरणाका स्रोत हुन् । पत्रकारिताको पक्षमा कुरा गर्दा, आफूले पत्रकारिता सुरु गर्दाको (२०३५ साल) अवस्थामा आवश्यक पूर्वाधार, जनशक्ति, वैचारिक स्वतन्त्रता, पेसा/वृत्ति विकास आदिको दृष्टिमा पत्रकारिताको स्थिति कस्तो थियो भन्ने कुराको जीवन्त चित्रण पुस्तकमा भेटिन्छ ।

०३५ सालको विद्यार्थी आन्दोलनदेखि ०३६ सालको जनमतसंग्रह, ०४६ सालको जन आन्दोलन हुँदै ७० को दशकका आधाआधिसम्मका नेपालका राजनीतिक घटना, परिघटनाका बारेमा पुस्तकमा धेरै चर्चा छन् । लेखक दाहालले ती घटनामा आफूनो प्रत्यक्ष संलग्नता रहेको र तिनको यथार्थ विवरण, विश्लेषणलाई आमनागरिकसम्म पुऱ्याउन पत्रकारको हैसियतले प्रयत्न गरेको विषयलाई राम्ररी उल्लेख गर्नुभएको छ । ती घटना र सन्दर्भहरू इतिहासकारका लागि बलिया दस्तावेज बन्न सक्दछन् ।

जेजस्तो परिस्थिति भए पनि दृढताका साथ कत्ति पनि विचलित नभई पत्रकारितालाई नै आफूनो साधनाको क्षेत्र बनाउनु र बिउभित्र बोट देख्ने भनेजस्तै त्यसैभित्र भविष्य देख्नु, आफ्नो क्रियाशीलतालाई उत्तिकै गतिमा अगाडि बढाउन सक्नु उहाँको विशिष्ट क्षमतालाई पुस्तकले स्पष्ट पार्दछ । सानातिना दुःख वा असजिला र सानातिना प्राप्तिमा नै हराउनेहरूले जीवनको उचाइ छुन सक्दैनन् भन्ने कुरालाई पनि पुस्तकले पुष्टि गरेको छ । पुस्तकमा जीवनका उकाली-ओराली, सजिला अप्ठ्यारामा आफूलाई साथसहयोग दिने सबैप्रति लेखकको कृतज्ञताभाव देखिन्छ, जो हाम्रो मानवीय धर्म हो, संस्कार हो ।




**'मेरो पत्रकारिता' पुस्तक लेखकको जीवनको आरोह-अवरोह वा इतिवृत्त मात्र नभई जीवनको उचाइतिर लम्कन खोज्ने, संघर्षलाई नै आफ्नो जीवनको कर्तव्य वा अभीष्ट ठान्ने, निष्ठाको जीवनपद्धतिलाई स्वीकार गर्न चाहने र कुनै पनि क्षेत्रमा आफूलाई गतिमान र क्रियाशील बनाइरहन चाहनेहरूका लागि राम्रो सन्दर्भ-सामग्री र प्रेरणास्रोत बन्न सक्दछ**

लोकतन्त्रप्रति लेखकको अटल निष्ठा र समर्पण अभिव्यक्त छ पुस्तकमा । प्रशंसा र प्राप्तिहरूको सहज स्वीकार पनि छ र त्यसमा अहंभाव देखिँदैन । त्यही कामप्रतिको निष्ठा, कर्तव्यपरायणता र भविष्यप्रतिको भरोसाले लेखकलाई यहाँसम्म डोहोऱ्याएको तथ्य पुस्तकले स्पष्ट बताउँछ ।

विविध क्षेत्रमा हात हाले पनि पत्रकारिता नै जीवन संघर्षको चुरो वा मियो भएको तथ्यचाहिँ पुस्तकको शीर्षकले पुष्टि गरेको छ । पुस्तक दर्शनभन्दा घटनाप्रधान भएजस्तो देखिन्छ, तर तिनै घटनाले राजनीतिक, सामाजिक र जीवनदर्शन बताइरहेको पाइन्छ ।

पुस्तकमा देशका राजनीतिक सामाजिक परिवर्तनबाट सीमित मानिस बढी लाभान्वित भएको र सर्वसाधारणको जीवनमा आर्थिक, सामाजिक रुपान्तरण खासै हुन नसकेको, मुलुकमा राजनीतिक, सामाजिक संस्कार र पद्धतिको विकास हुन नसकेकोप्रति चिन्ता र असन्तुष्टि पनि व्यक्त भएको देखिन्छ । आफ्नो व्यक्तिगत लाभप्रतिको आसक्तिभन्दा पनि उच्च राष्ट्रिय स्वार्थ अर्थात् 'सर्वे भवन्तु सुखिनः'को भाव सबैमा भइदिए देशको अवस्था फेरिने थियो भन्ने भाव पुस्तकमा व्यक्त भएका छन् ।

'मेरो पत्रकारिता' पुस्तक लेखकको जीवनको आरोह-अवरोह वा इतिवृत्त मात्र नभई जीवनको उचाइतिर लम्कन खोज्ने, संघर्षलाई नै आफ्नो जीवनको कर्तव्य वा अभीष्ट ठान्ने, निष्ठाको जीवनपद्धतिलाई स्वीकार गर्न चाहने र कुनै पनि क्षेत्रमा आफूलाई गतिमान र क्रियाशील बनाइरहन चाहनेहरूका लागि राम्रो सन्दर्भसामग्री र प्रेरणास्रोत बन्न सक्दछ । समग्रमा पुस्तक पठनीय छ, संग्रहणीय छ र देशको एउटा कालखण्डको राजनीतिक परिदृश्य र पत्रकारिताको अवस्थालाई उजागर गर्ने बलियो दस्तावेज पनि बनेको छ । अन्त्यमा लेखकको कलम नथाकोस् र यस्तै थुप्रै सिर्जना मुलुकलाई दिइरहन सकोस्- शुभकामना !

## सादगी जीवनशैलीका रामसहाय
# विभेदको चोटपछि
# राजनीतिमा





**अनिल यादव**
aniljournalist2067@gmail.com

व्यक्तित्व

मधेस आन्दोलनको जगमा उदाएका जति पनि नेता छन्, तीमध्ये अधिकांशको राजनीति प्रवेश र उदय भोगेको विभेद र दमनबाट उत्प्रेरित छ । ५२ वर्षको उमेरमा गणतन्त्र नेपालको तेस्रो उपराष्ट्रपतिमा निर्वाचित रामसहायप्रसाद यादव पनि त्यस्तै एक उदाहरण हुन् ।

०४६ तिर यादव आफ्नो भतिजलाई प्रहरीमा भर्ना गराउन बस चढेर वीरगन्जबाट भरतपुर जाँदै थिए । टिकट लिएपै बस चढेका थिए । तर, बीचमै सहचालकले रुखो स्वरमा भने, 'तपाईं उठ्नुस्, यो उहाँको सिट हो ।' त्यसपछि सिटबाट उनी र उनको भतिजलाई उठाइयो । सहचालकले कोही पहाडी मूलका यात्रु त्यही सिटमा बसाए ।

विभेदको नमीठो घटनाले यादवको मनमा गहिरोसँग चोट पुऱ्यायो, जसले उनलाई विभेदविरुद्ध बोल्न र राजनीतिमा आउन झक्झकायो । 'त्यसपछि मैले अति महसुस गरैं,' उपराष्ट्रपति निर्वाचित भएपछि नयाँ पत्रिकासँगको संवादमा यादवले ती दिन सम्झे, 'मधेसी र उत्पीडित समुदायमाथिको असमानता, विभेद र अन्याय अन्त्यका लागि पनि केही योगदान हुनुपर्छ भन्ने महसुस भयो ।'

तर, कसरी ? त्यसवेला १९ वर्षका उनी अन्योलमा थिए । बारास्थित बसबरिया गाउँको सामान्य परिवारमा जन्मिएका उनी विभेद अन्त्यका लागि कुनै संघर्ष गर्ने संस्थाको खोजीमा थिए । त्यही क्रममा ०४७ तिर उनले नेपाल सद्भावना पार्टीको नाम सुने । तत्कालै पार्टी कार्यकर्ताका रूपमा सद्भावनासँग आबद्ध भए । तर, राजनीतिमै पूर्णकालीन सक्रियता भने देखाएनन् ।

०४८ तिर राजनीतिसँगै शिक्षण पेसामा होमिए । ०५५ तिर ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जबट बिएड (गणित) गरेका उनी त्यसपछि गाउँबाट कलैया सरे । त्यहीं सानो झुपडी बनाए । अनि नजिकै रहेको पन्ना देवी कन्या माध्यमिक विद्यालयमा गणित र विज्ञान पढाउन थाले । त्यहीं ट्युसन, कोचिङ पढाएरै तीन छोराछोरी हुर्काउन थाले ।

शिक्षण पेसासँगै उनी बिस्तारैमा राजनीतिमा सक्रिय हुन थाले । शिक्षण पेसामा आबद्ध भएको तीन वर्षपछि ०५० तिर उनी वीरगन्जमा आयोजित नेपाल सद्भावना पार्टीको तेस्रो महाधिवेशनमा पर्यवेक्षकका रूपमा सहभागी भए । विराटनगरमा आयोजित चौथो महाधिवेशनमा उनी प्रतिनिधि नै बने ।

उनको लगाव राजनीतितिर बढ्दै थियो । तर, राजनीतिक सक्रियताका कारण घर खर्च चलाउन मुस्किल पर्न थाल्यो । मुस्किलको सहारा बनिन्, उनकी पत्नी चम्पादेवी । जसले गाई र भैंसी पालेरै यादवको राजनीतिक जीवन कठिन हुन दिइनन् । अहिले पनि उनकी श्रीमती चम्पादेवी गाईभैंसी पालेर सोही गोठघरमै बस्दै आएकी छिन् । 'मेरी श्रीमती अहिले पनि गाईभैंसी पाल्नमै रमाउँछिन् । म पनि उता हुँदा या पुग्दा त्यसमै रमाउँछु । किसान परिवारबाट भएकाले किसानी छाड्न नसकिने रहेछ,' यादव भन्छन् ।

०४६ तिर यादव आफ्नो भतिजलाई प्रहरीमा भर्ना गराउन बस चढेर वीरगन्जबाट भरतपुर जाँदै थिए । टिकट लिएपै बस चढेका थिए । तर, बीचमै सहचालकले रुखो स्वरमा भने, 'तपाईं उठ्नुस्, यो उहाँको सिट हो ।' त्यसपछि सिटबाट उनी र उनको भतिजलाई उठाइयो । सहचालकले कोही पहाडी मूलका यात्रु त्यही सिटमा बसाए । विभेदको नमीठो घटनाले यादवको मनमा गहिरोसँग चोट पुऱ्यायो, जसले उनलाई विभेदविरुद्ध बोल्न र राजनीतिमा आउन झक्झकायो ।

०६४ मा पहिलो संविधानसभामा मधेसी जनाधिकार फोरमका तर्फबाट समानुपातिक सदस्य नबन्दासम्म यादवले शिक्षण पेसा छाडेनन् । शिक्षालय र राजनीतिको गणित सँगसँगै अघि बढाए । 'क्रान्तिकारी' स्वभावका कारण गाउँमा उनी विद्यार्थी कालमै नेता भइसकेका थिए, तर मधेसकै नेताका रूपमा भने धेरै ढिलो चिनिए । साबिकको कर्चोवा गाउँमा रहँदा उनी सरस्वती नवयुवक क्लबको अध्यक्ष बनेपछि युवाहरूको नजरमा नेता बनिसकेका थिए । तर, सद्भावना पार्टीमा आबद्ध हुँदासम्म कुनै ठूलो जिम्मेवारीमा रहेनन् ।

गजेन्द्रनारायण सिंहकै प्रभावका कारण सद्भावना पार्टीमा होमिएका उनी ०५७ मा नागरिकता विधेयकलाई लिएर काठमाडौंमा भएको प्रदर्शनमा सहभागी भएर पक्राउसमेत परेका थिए ।

त्यस्तै, ०४७ को संविधानविरुद्ध प्रदर्शन गर्ने क्रममा प्रहरीले गजेन्द्रनारायण सिंह, हृदेयश त्रिपाठी, रामेश्वर रायलगायत मधेसका नेतामाथि लाठी प्रहार नै गरेको थियो । त्यतिवेला पनि उनीहरूसँगै लाठी खाइरहेका थिए, रामसहाय । पक्राउपछि महेन्द्र पुलिस क्लबमा उनीहरूलाई सँगै राखिएको थियो ।

तर, सिंहको निधनपछि सद्भावना पार्टी पनि विभाजनको चरणमा पुग्यो । त्यतिवेला राजविराज महाधिवेशनका क्रममा पार्टी एकता कायम रहनुपर्छ भनेर सप्तरी सेवा आश्रममा आमरण अनशन बस्ने नेता थिए, रामसहाय ।

उनी आनन्दीदेवीको नेतृत्वमा पार्टी एकता हुनुपर्ने पक्षमा थिए । तर, बद्री मण्डलको समूहले मानेन । मण्डललाई नै अध्यक्ष बनाउन अड्डी कस्यो । त्यतिवेला मण्डल मन्त्री थिए, उनकै प्रभाव बलियो थियो । सद्भावना पार्टी दुई समूहमा विभाजित भयो, आनन्दीदेवी र मण्डल समूह । त्यसपछि आनन्दीदेवीले रामसहायलगायत नेताको अनशन तोड्न लगाइन् र आफ्नै नेतृत्वमा नयाँ पार्टी गठन गरिन्- नेपाल सद्भावना पार्टी (आनन्दी) ।

यो वेलासम्म रामसहायको उपेन्द्र यादवसँग भेट भएको थिए । उपेन्द्र भूमिगत रूपमा मधेस आन्दोलनमा सक्रिय थिए । राजविराज महाधिवेशनपछि उनीहरूको भेट जुऱ्यो । सद्भावना फुटेको चोटमा रहेका उनी उपेन्द्रको मधेसी जनअधिकार फोरममा आबद्ध भए । उपेन्द्र मधेसको अधिकार र पहिचानका लागि वैकल्पिक राजनीतिक शक्ति निर्माणमा जुटेका थिए । रामसहाय त्यसमा साथ दिन तयार भए ।

सुरुवाती दिनमा कलैयास्थित घरछेउमा रहेका रितेश आचार्यको टेलिफोनबाटै उनीहरूबीच संगठन विस्तारबारे कुराकानी भएको उनले अझै बिर्सिएका छैनन् । द्वन्द्वकालमा उपेन्द्र भारतमा रहेर भूमिगत राजनीति गर्दै थिए । त्यतिवेला फोन सम्पर्कबाटै रामसहायसँग उनको सम्बन्ध झाँगिएको थियो ।

०६० मा मधेसी जनअधिकार फोरमको बारा अध्यक्ष हुँदै उनी पटना बैठकबाट केन्द्रीय सदस्य बने । त्यसपछि ०६२/६३ जनआन्दोलनमा सक्रिय सहभागिता जनाएका उनी ६ पटक गिरफ्तार भए । बारा, पर्सा, रौतहट र कैलालीमा मधेस आन्दोलनको नेतृत्व गर्ने क्रममा उनी पटक-पटक पक्राउ परे ।

०६४ मा जब मधेसी जनअधिकार फोरम नेपाल निर्वाचन आयोगमा पार्टीको रूपमा दर्ता भयो, त्यसपछि उनी त्यसको पनि केन्द्रीय सदस्य भए । लगत्तै समानुपातिक सांसद पनि । उपेन्द्रको मन जित्दै गएका उनले ०६५ मा पार्टीको महासचिवको जिम्मेवारी नै सुम्पिए । ०७२ मा फोरम र संघीय समाजवादी पार्टीबीच एकीकरण भएर संघीय समाजवादी फोरम बन्दा पनि उनी महासचिव नै रहे ।

सबै चरणका मधेस आन्दोलनमा उनको सक्रिय सहभागिता रह्यो । ०७२ को मधेस आन्दोलनमा निषेधाज्ञा तोड्ने क्रममा प्रहरीको लाठीबाट उनी घाइतेसमेत भए । त्यसपछि ०७४ को निर्वाचनमा बारा २ बाट उनी प्रत्यक्ष निर्वाचित सांसद बने । ०७५ मा फोरम र नयाँ शक्ति पार्टीबीच एकीकरण भएर समाजवादी पार्टी गठन हुँदा पनि उनी महासचिव नै रहे । तर, समाजवादी र राष्ट्रिय जनता पार्टी (राजपा)बीच एकीकरण भएर जनता समाजवादी पार्टी बनेपछि भने उनको पद घटुवा भयो । उनी पार्टीको कार्यकारिणी सदस्य मात्रै रहे ।

०७८ मा तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकार रहँदा उनी वन तथा वातावरणमन्त्रीसमेत बने । त्यसपछि गत निर्वाचनमा बारा २ बाट सांसद निर्वाचित भएका उनी एक महिनाअघि मात्र सर्वसम्मत संसदीय दलको नेता चुनिए । यसमा सप्तरी २ बाट पराजित अध्यक्ष उपेन्द्रकै भूमिका थियो । जब कि उनीभन्दा वरिष्ठ पार्टीका संघीय परिषद् अध्यक्ष अशोक राईको समेत यसमा चाहना थियो । तर, रामसहायलाई उपराष्ट्रपति बनाएर उपनिर्वाचनमार्फत उनको निर्वाचन क्षेत्रबाट सांसद बन्ने र त्यसपछि आफू नै दलको नेता बन्ने उपेन्द्रको 'मिसन'का कारण उनले राईलाई रोकेरै छाडे ।

यादवको उपनिर्वाचनमार्फत संसद् छिर्ने चाहनालाई सप्तरी २ का मतदाताको म्यान्डेटको अवमूल्यन ठान्ने मधेस मामिलाका जानकार चन्द्रकिशोर तीनवटा 'स' विशेषताका कारण रामसहायले उपराष्ट्रपतिको यात्रा तय गर्न सफल भएको बताउँछन् । त्यो हो- सादगीपन, सिद्धान्तनिष्ठ र सामाञ्जस्य । 'उहाँ सादगीमा रमाउने नेता हो,' विश्लेषक चन्द्रकिशोर भन्छन्, 'दोस्रो, लोकतन्त्रलाई उन्नत बनाउने सवालमा मधेसको कोणबाट समर्पित सिद्धान्तनिष्ठ नेता हुन् । तेस्रो, नेतृत्वप्रति सामाञ्जस्य स्थापित गरेर बसेका नेता हुन् । उपेन्द्र यादवको नेतृत्वलाई अँगालेपछि उहाँको पार्टीको नाम त फेरिँदै गयो, तर कार्यकर्तामाझ उहाँ आकर्षण र आदर व्यक्तित्वका रूपमा रहनुभयो । यी तीन 'स' नै उहाँको करिअरको उज्ज्वल पक्ष रह्यो ।'

१५ वर्षदेखि शंखमूलको डेरामा दुई छोरा र छोरीसँग सादगी जीवन बिताउँदै आएका यादव अब उपराष्ट्रपति भवन हरितगृहभित्र छिर्दै छन् । उपराष्ट्रपति निर्वाचित भएपछि उनले राष्ट्रिय एकतालाई मजबुत र प्रवर्द्धन आफ्नो इमानदार भूमिका हुने बताएका छन् । 'मुलुक समृद्ध रूपमा अघि बढोस् । शान्ति प्रक्रियाका काम निष्कर्षमा पुऱ्याउन बाँकी छ, त्यसलाई निष्कर्षमा पुऱ्याउन पनि मेरोतर्फबाट प्रयास हुनेछ । हाम्रो क्षेत्रका जनताकै मतका कारण यहाँसम्म आइपुगेको हुँ । उहाँहरूसहित देशका सबै जनतालाई हार्दिक धन्यावाद र आभार व्यक्त गर्छु,' उनले भनेका छन् ।

उपराष्ट्रपति पद भूमिकामाथि भइरहेको बहसबारे तपाईंको धारणा के छ भन्ने नयाँ पत्रिकाको जिज्ञासामा उनले भने, हाम्रै छिमेकी मुलुकमा उपराष्ट्रपतिले नै राष्ट्रिय सभाको नेतृत्व गर्ने व्यवस्था छ । यहाँ पनि राज्य, सरकार र संविधानले थप भूमिका दिने निर्णय गऱ्यो भने राम्रै हुन्छ । नभए पनि मुलुकको हित र संरक्षणमा मेरो सधैं बलियो भूमिका रहन्छ ।'

# नेपालमा सुन्दरी प्रतियोगिताको राजनीति

## विश्वभर सुन्दरी प्रतियोगिता विवादैविवादबाट अघि बढिरहेको छ



**तारालाल श्रेष्ठ**
shresthatara@gmail.com

बहस




### कस्ती सुन्दरी, कसकी सुन्दरी ?

नेपालमा सन् १९९४ देखि 'मिस नेपाल' सुरु भयो। पहिलोपटक काठमाडौं जेसिसले 'सिल्भर जुब्ली' मनाउने क्रममा 'फेसन सो'को आयोजना गऱ्यो। त्यही 'फेसन सो'लाई सन् १९९५ देखि 'मिस नेपाल' भनियो। काठमाडौं जेसिस आबद्ध दशजना व्यापारीले 'दि हिडन ट्रेजर' कम्पनी दर्ता गरे। मिस नेपाललाई हिडन ट्रेजरको हिस्सा बनाए। काठमाडौं जेसिस मिस नेपाल व्यापारबाट बिस्तारै बाहिरियो। हिडन ट्रेजर एक्लै मिस नेपाल, मिस अर्थ र मिस इन्टरनेसनलको उत्तराधिकारी कम्पनी बन्यो।

मिस नेपालले सुरुबाटै वैचारिक नैतिक बहस मात्रै निम्त्याएन, थुप्रै हिंसात्मक सडक प्रदर्शनी पनि उत्पादन गऱ्यो। महिला संगठन तथा नागरिक समाजबाट यसलाई बन्द गर्न प्रशस्त आन्दोलन भए। तर, सुन्दरी प्रतियोगिता बन्द भएन। बरु अनेकौं स्वरूपका सुन्दरी अस्तित्वमा आए। प्रतिरोधमा उत्रिएका महिला अभियन्ताले लामो समय सडक आन्दोलन गरे। चालीसबुँदे ज्ञापनपत्र बुझाए। आयोजकलाई 'हिडन ट्रेजर कम्पनी सुन्दरी भन्नुस्, 'नेपाल सुन्दरी' नभन्नुस्' भने। 'एउटा निजी कम्पनीले 'नेपाल सुन्दरी'को बोझ किन बोक्नुपऱ्यो ! यो बोझ बोक्ने परेमा नेपाल सरकारले बोकोस्' भनियो। प्रायोजक डाबर कम्पनीको स्वागत गेट सर्धै तोडफोड भयो। तैपनि बानेश्वरमा डाबरले सर्धै स्वागत गेट बनाइरह्यो। हिडन ट्रेजरका एक सदस्यको शब्दमा, जति बढी विवाद उति व्यापक ब्रान्डिङ। अन्ततः कतिपय अभियन्ता थाके। केही अगुवाले आफ्नै छोरीहरूलाई सुन्दरी बनाए। छोरी सुन्दरी बन्न सफल भएकोमा दंग भए।

नेपालले सीधा औपनिवेशिकताको अनुभव गरेन। साम्राज्यवादी शक्तिहरूको प्रभावबाट पर पनि रहेन। शासकहरू साम्राज्यवादी शक्तिसँग उठबस गरिरहे। सन् १९५१ देखि नेपालमा व्यावसायिक हवाई उडान सुरु भयो। सन् १९८५ देखि टेलिभिजन भित्रियो, अलि ढिलै। नत्र सन् १९६० को दशकबाटै सुन्दरी प्रतियोगिता नेपालमा फैलिसक्थ्यो। अझ माओवादी जनयुद्धको प्रभावले यो फस्टाउन पाएन। भारतमा सुन्दरी प्रतियोगिता १९५० को दशकबाटै सुरु भइसकेको थियो। सन् १९८५ बाट अघि बढाइएको संरचनात्मक समायोजन कार्यक्रम (स्ट्रक्चरल एडजस्टमेन्ट प्रोग्राम) नीतिको प्रभाव नेपालमा पनि पऱ्यो। मिस नेपाललगायत अनेकौं स्वरूपका सुन्दरी प्रतियोगिताको बाढी आयो।

### विश्व सुन्दरी विवाद

विश्वभर सुन्दरी प्रतियोगिता विवादै विवादबाट अघि बढिरहेको छ। निकै हिंसात्मक घटनाहरू हुँदा पनि सुन्दरी प्रतियोगिता रोकिएको देखिन्न। सन् १८८० देखि स्कटल्यान्डमा सुन्दरी प्रतियोगिता अस्तित्वमा आयो। सन् १९३९ देखि यसलाई अमेरिकाले अपनायो। न्यू जर्जीका व्यापारीले समुद्री किनारामा पर्यटकलाई लामो समय अड्याउन सन् १९२१ देखि वर्तमान स्वरूपको सुन्दरी प्रतियोगिता आयोजना गर्न थाले। अनि अमेरिकामा मात्रै हजारौंको संख्यामा सुन्दरी प्रतियोगिता हुन थाल्यो। सन् १९५१ देखि मूलधारका टेलिभिजनले सुन्दरी प्रतियोगितालाई प्रमुखताका साथ प्रसारण गर्न थाले।

बेलायतका बिंगो व्यापारीले बजारमा भर्खरै ल्याएको विकिनी वस्त्रको बिक्री बढाउन सुन्दरी प्रतियोगिता आयोजना गरियो। त्यसैलाई एकाएक विश्व सुन्दरी प्रतियोगिता भनियो। एक व्यापारीले विश्व सुन्दरीको बोझ बोक्यो। मिडियाले त्यसलाई विश्व सुन्दरी भनेर प्रसारण गरिदियो, सहजै। दुनियाँले पत्याइदियो। मिडियाले सानका साथ एक अर्धनग्न युवतीलाई विश्व सुन्दरीको रूपमा 'सोकेसिङ' गरिदियो। सन् १९५१ मा कथित विश्व सुन्दरी विजेतालाई विकिनी पोसाकमै सार्वजनिक समारोहमा उभ्याइदियो। विश्व सुन्दरीको ब्रान्ड बोकेकी विकिनी सुन्दरीले धार्मिक मान्यतामाथि नै धावा बोलेको भन्दै चौतर्फी विरोध भयो। धेरै देशहरूले आगामी विश्व (विकिनी) सुन्दरी प्रतियोगितामा आफ्नो देशबाट प्रतिस्पर्धी नपठाउने घोषणा गरे। विकिनीमा कथित विश्व सुन्दरी विजेतालाई सार्वजनिक गर्न रोकिएन। विकिनी विश्व सुन्दरी हर्कतलाई नागरिक समाजलगायत पोपले पनि विरोध गरे। त्यसपछि मात्रै सन् १९५९ देखि साँझ लगाउने गाउनमा विजेता सुन्दरीलाई सार्वजनिक गर्न थालियो।

सन् १९६० र १९७० को दशकमा सुन्दरी प्रतियोगिता टेलिभिजनमा निकै प्रसिद्ध बनाइयो। त्यस समय टेलिभिजन बजार व्यापक बनाइँदै थियो। त्यही समय लन्डनमा सुन्दरी प्रतियोगिताको विरोधमा महिला समूहहरूले सशस्त्र सडक प्रदर्शन गरे। महिला प्रदर्शनकारीले सुन्दरी प्रतियोगिताको विरोधमा प्लोर बम, स्टिंक बम प्रहार गरे। वाटर गनमा मसी भरेर पनि प्रहार गरे।

सन् १९७० मा दक्षिण अफ्रिकाले प्रतियोगितामा दुईजना पठायो, एक श्वेत र अर्की अश्वेत युवती। यसले ठूलै बहस-विवाद निम्त्यायो। आयोजकले अफ्रिकालाई प्रतियोगितामा रोक लगायो। अपार्थाइड आन्दोलन रोकिएपछि बल्ल अफ्रिका पुनः प्रतियोगितामा जोडियो। सन् १९८० देखि युरो-अमेरिकी जगत्मा सुन्दरी प्रतियोगिताप्रति नागरिकको मोह भंग हुँदै गयो। सन् १९९० देखि विश्वका मूलधारका मिडियाले सुन्दरी प्रतियोगिता प्रसारण छाड्दै गए। यद्यपि, विश्व सुन्दरीसँग एक सय बढी देश जोडिएको दाबी आयोजकको छ। यसको विरोध पनि जारी छ। सन् २००२ मा नाइजेरियामा रमदानमा प्रतियोगिता आयोजना गर्न खोज्दा कादुना सहरमा धार्मिक हिंसा भड्कियो। दुई सय बढी मानिसको ज्यानसमेत गयो। हतार-हतार प्रतियोगिता नाइजेरियाबाट बेलायत सारियो। अमेरिकी सुन्दरी प्रतियोगिताले पनि निरन्तर प्रतिरोधको सामना गरिरहेको छ।

### प्रतिरोधको प्रभाव

'नेपाल सुन्दरी' प्रतियोगिता बन्द गर्न महिला अभियन्ता नागरिक समाजसहित सडकमा उत्रिए। ढुंगामुढा, लाठीचार्ज, आगजनी, गिरफ्तारी भए। तर, 'नेपाल सुन्दरी' पूर्ण रूपमा बन्द भएन। सन् २००१ मा दरबार हत्याकाण्ड भयो। सुन्दरी प्रतियोगिता रोकियो। सन् २००८ मा माओवादी शक्ति सत्तामा आयो। नेपाल टेलिभिजनले सुन्दरी प्रतियोगिता प्रत्यक्ष प्रसारण रोक्यो। हिडन ट्रेजरका एक सदस्यका अनुसार डा. बाबुराम भट्टराईलाई भेटेर उनीहरूले अवरोध नगर्न अनुरोध गरे। डा. भट्टराईले भनेछन्, 'हामी विरोध गरिरहन्छौं, तपाईंहरू अघि बढिरहनुस्।' ती सदस्यकै शब्दमा, झम्सीखेल ललितपुरमा संस्कृतिविद् सत्यमोहन जोशी सुन्दरी प्रतियोगीलाई प्रशिक्षण दिन पुगे। तर, महिला अभियन्ताहरू पुगेर घन्टौं प्रशिक्षण दिन थाले। जोसी कुर्दाकुर्दै थाकेर प्रशिक्षण नदिई घर फर्किए। अघिल्लो वर्ष बानेश्वरमा स्वागत गेटमा आगजनी तथा तोडफोड भएपछि जजहरूलाई जोगाएर आर्मी अफिसर क्लबमा ल्याइएको थियो। दशरथ रंगशालाभित्रबाट पर्खाल पार गरेर प्रतियोगी युवती र जजहरूलाई भित्र हुलियो। विनादर्शक 'नेपाल सुन्दरी' घोषणा हतारहतार गरियो। बाहिर सडक प्रदर्शनी जारी थियो, टियरग्यास, लाठीचार्ज, धरपकडसहित। एक अभियन्ताका शब्दमा त्यसवेला घाइते भएका प्रदर्शनकारीमध्ये केही समयपछि एकजनाको मृत्यु भयो।

सन् २०१० पछि प्रतिरोध सेलायो। प्रतिरोधमा उत्रिएका कतिपय अभियन्ताकै छोरीहरू 'नेपाल सुन्दरी' बने। सन् २०२२ मध्यदेखि पुनः प्रतिरोध पुनरुत्थान भएको छ। मिस ग्लोबल इन्टरनेसनलका आयोजक मनोज पाण्डेले प्रतियोगी युवतीमाथि यौनहिंसा गरेको भिडियो बाहिरिएपछि उनी जेल भए। साहित्यकार आहुतिका अनुसार उक्त घटनापछि थाती बसेको गहन विषय पुनः उठेको छ। पर्दामै जन्मिएर पर्दामै हुर्किएर नेपाली समाज बुझ्दै नबुझी कृत्रिम संसारमा रमाइरहेका सेलिब्रिटीको पनि सीमा उजागर भएको छ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) 'नेपाल सुन्दरी' प्रतियोगितालाई विरुद्ध उभिएको थियो। सर्याँै नागरिक अगुवा महिला अभियन्तालाई साथ दिन प्रतिबद्ध देखिए। सन् २०१० मा उनीहरूले 'सुन्दरी प्रतियोगिताको प्रतिरोध' शीर्षकमा एक जर्नल प्रकाशन गरे। जयपुरी घर्तीको शब्दमा, कुनै महिला सुन्दर तब हुन्छिन्, जब उनले सामाजिक रूपान्तरणमा योगदान दिन्छिन्। छाला राम्रो बनाउँदैमा कुनै महिला 'नेपाल सुन्दरी' कहलाइन्न। (पृ. २)। यशोदा सुवेदीको शब्दमा प्राचीनकालमा इन्द्रले मेनुका, उर्वशी, तिलोत्तमाजस्ता परीहरूलाई दरबारमा उभ्याएर मनोरञ्जन लिएको मिथकझैं अहिले पुँजीवादी बजारमा महिलालाई नग्न उभ्याएर पुरुषहरूले आनन्दभोग गर्दै छन्। फेसन सो, म्युजिक भिडियो, डान्सबार, मसाज सेन्टर तथा सुन्दरी प्रतियोगितामार्फत कामुक पुरुषहरू महिलाको नग्नतामा रमाइरहेका छन्। (पृ. ५)। अन्जना विसंखेको शब्दमा, गणतान्त्रिक नेपालमा कस्तो महिला रोल मोडल बन्नुपर्छ हेक्का छैन। निर्दोष युवतीलाई सपना देखाएर लठ्ठ पारिएको छ। सुन्दरी बन्ने सपनामै जन्मिएर, सपनामै हुर्किएर, सपनामै जीवन सिध्याइएको छ। (पृ. १६)। सन् २००७ मा सुन्दर कपालको तर्फबाट विजेता बनेकी नानी खड्काको शब्दमा, 'नेपाल सुन्दरी' आडम्बरी इडियटहरूको पैसा कमाउने नाटकबाहेक केही होइन। फुर्सदिला आडम्बरीले काठमाडौंमा वर्षको एकपटक यस नाटक मञ्चन गर्छन् (पृ. ३६)।

> डा. अरुणा उप्रेतीको शब्दमा महिलालाई अरूभन्दा बढी सुन्दरी बनाउन अभिप्रेरित गर्ने कुरा सशक्तीकरण होइन, व्यापार हो। यसले महिलालाई वस्तूकरण गर्छ, पुँजीवादी बजारमा बेच्छ।

### विजेताको बुझाइ

सन् २०२० की 'नेपाल सुन्दरी' नम्रता श्रेष्ठ, उनकै शब्दमा, प्रतिस्पर्धाका लागि १९ वर्ष पुगेको हुनुपर्ने प्रावधान रहेछ। उनको उमेर १९ वर्ष पुगेको थिएन। उनी त्यस वेला डाँको छाडेर रोइन्। आमाले सम्झाइन्, बुझाइन्। आमाले उमेर ढाँटेर प्रतियोगितामा आवेदन दिन लगाइन्। टप फाइभसम्म पुगेर बाहिरिइन्। त्यो पीडा सहन नसकेर करिब तीन महिनासम्म उनी रोइरहिन्। उनले भिडियोमा बोलेकी छिन्, 'म अढाइ महिनासम्म रोएँ। छनोट नभएको पीडा सहन सक्ने सामर्थ्य उनमा थिएन।' कक्षा दुईमा हुँदादेखि उनी 'नेपाल सुन्दरी'को सपना बुनेर बसेकी थिइन्। ऐश्वर्या रायको फोटो देखेर मोहित उनी सर्धै सुन्दरी प्रतियोगिता हेर्न थालिन्। भगवान्लाई धेरै पुकारिन्। चिन्ताले उनलाई मिनी हार्ट अट्याकै भएछ। अन्ततः 'नेपाल सुन्दरी'को ताज हात पारिन्। उनको शब्दमा उनीसँग अहिले ठूलो जिम्मेवारी छ, देशलाई विश्वमा प्रतिनिधित्व गराउने। सानो कमजोरी भएमा देशलाई नराम्रो असर पर्ने डर उनलाई छ। 'नेपाल सुन्दरी'का लागि नेपाल सरकारले विशेष बजेट विनियोजन गर्नुपर्ने उनको माग छ। यति ठूलो जिम्मेवारी बोकेको व्यक्तिलाई आलोचना गर्दा विचार पुऱ्याउनुपर्छ भन्दै उनी भन्छिन्, 'नेपाल सुन्दरीको पनि परिवार हुन्छ। उनलाई पनि पीडा हुन्छ। हामी हाम्रो देशको झन्डा बोकेर विश्व रणमैदानमा उभिएका हुन्छौं। हामीलाई आलोचना नगर्नुस्।'

सदीक्षा श्रेष्ठ 'नेपाल सुन्दरी' बनेपछि सेन्ट जेभियर्स कलेज भर्ना भएकी थिइन्। उनको शिक्षक भएको नाताले उनीसँग मेरो कुरा भइरहन्थ्यो। उनले 'नेपाल सुन्दरी' विजेता असाधारण व्यक्ति हुन् भन्थिन्। उनीहरूले आफ्नो व्यावसायिक जीवनमा उन्नति गरेको उदाहरण दिन्थिन्। कस्तो व्यवसायमा उन्नति गरेछन् भनेर बुझ्दा ग्लामर, कस्मेटिक्स, फेसन, म्युजिक भिडियो, चलचित्र आदिको उदाहरण दिन्थिन्। सदीक्षा आफू भने प्राज्ञिक क्षेत्रमा आउने सपना सुनाउँथिन्। सुन्दरी विजेताले विशाल क्षेत्रमा योगदान गर्न सक्ने उनको दाबी थियो। सन् २०२२ 'नेपाल सुन्दरी' ताज विजेता प्रियङ्का रानी जोशी पनि दाबी गर्छिन्, 'एउटी महिलाले महिलापनको शक्तिले संसार आफ्नो औंलामा अडाउन सक्छ। हरेक युवतीमा नेपाल सुन्दरी बन्ने चाहना हुन्छ। आजको दुनियाँमा सबै टिभी युट्युबबाट निर्देशित छन्। सुन्दरी संसार ग्ल्यामर मात्रै नभई ठूलो राजकीय मञ्च हो।'

तर, लेखक बन्दना ढकाल यस्ता प्रतियोगिता महिला मुक्तिको बर्खिलापमा रहेको बताउँछिन्। पोखरा सुन्दरी प्रतियोगिताको प्रतिकार गर्न सडक आन्दोलनमा सरिक भएको उनलाई सम्झना छ। प्रहरीले लाठी चार्ज गर्थ्यो। उनीहरू लड्न छाडदैनथे। उनले सोचेकी थिइन्, यस्ता प्रतियोगिता बन्द हुनेछन्, छिट्टै। तर, अनेक स्वरूपमा अनगिन्ती सुन्दरी प्रतियोगिताहरू देखा पर्दै छन्। भन्छिन्, 'यसभित्र गहिरो राजनीति छ।'

सन् २०२२ मा वैज्ञानिक समाजवादी महिला संगठनले सुन्दरी प्रतियोगिताको विरोध गऱ्यो, अगुवा नेता धनकुमारी सुनारको अगुवाइमा। 'सुन्दरी प्रतियोगिता : सशक्तीकरण कि वस्तूकरण' शीर्षकमा १५ जुन २०२२ मा काठमाडौंमा विशेष बहस पनि चलायो। मिस टिन २००८ ताज विजेता संवृद्धि राईले कुनै एक महिलालाई राम्री, अरूलाई कमजोर मान्ने संरचना नै कुरूप रहेको बताइन्। उनले गाउँमा रहँदा यसरी कसैलाई अरूभन्दा राम्री मान्ने सोचसमेत नभएको बताइन्। उक्त बहसमा डा. अरुणा उप्रेतीको भनाइ थप सान्दर्भिक थियो। उनको शब्दमा महिलालाई अरूभन्दा बढी सुन्दरी बनाउन अभिप्रेरित गर्ने कुरा सशक्तीकरण होइन, व्यापार हो। यसले महिलालाई वस्तूकरण गर्छ, पुँजीवादी बजारमा बेच्छ।

### नेवाः सभ्यता र 'नेपाल सुन्दरी'

'नेपाल सुन्दरी'को आयोजक दश पुरुषमध्ये नौजना नेवार रहेछन्। उनीहरूले नेवाः सभ्यतालाई कसरी परिभाषित गर्छ भन्ने ख्याल गरेका छन् ? उनीहरू हामीले ६ सय युवतीलाई प्रतियोगितामा सहभागी गराएर

> 'नेपाल सुन्दरी'का लागि नेपाल सरकारले विशेष बजेट विनियोजन गर्नुपर्ने एकजना नेपाल सुन्दरीको माग छ। यति ठूलो जिम्मेवारी बोकेको व्यक्तिलाई आलोचना गर्दा विचार पुऱ्याउनुपर्छ भन्दै उनी भन्छिन्, 'हामी हाम्रो देशको झन्डा बोकेर विश्व रणमैदानमा उभिएका हुन्छौं। हामीलाई आलोचना नगर्नुस्।'

सशक्तीकरण गरिसक्यौं भन्दै छन्। मिस नेपाल, मिस अर्थ र मिस इन्टरनेसनल भन्दै ठुल्ठूला कुरा गर्दै छन्। आफ्नै नेवाः सभ्यताले सुन्दरीको परिभाषा कसरी गरेको रहेछ भनेर हेक्का राखेका छन् ? राजनीतिकर्मी रूपा सुनारले औंल्याएझैं सुन्दरी बन्ने दौडमा पुँजीपति पुरुषको पुतली बनेर युवतीहरू आकाशमा उडिरहेका छन्। चंगाको लट्टाई मल्टिनेसनल कम्पनीवाला पुरुषको हातमा हुन्छ।

नेपाल प्रहरीको तथ्यांकले सन् २०२१ यता बलात्कार घटना २० प्रतिशतले बढेको देखाउँछ। सुन्दरीलाई यसको मतलब हुन्न। उनीहरू कस्मेटिक बजारलाई बढावा दिइरहेका हुन्छन्। ग्लोबल रिपोर्टका अनुसार अमेरिका एक्लैले सन् २०२१ मा ५११ मिलियन डलरको कस्मेटिक्स बिक्री गरेछ। नेपालले ६० मिलियन डलरको कस्मेटिक्स आयात गरेछ। सौन्दर्य चिन्तक निनु चापागाईंको शब्दमा सुन्दरी प्रतियोगिता एउटा नाटक मञ्चन मात्रै हो, यसले पीडित महिलालाई होइन, पीडक शक्तिलाई सबलीकरण गर्छ (मूल्यांकन, अंक १६३)।

प्रसिद्ध लेखक तथा विश्लेषक पिको अयरका शब्दमा पराया संस्कृतिमार्फत आफैंमाथि उपनिवेश लाद्न नेपालीहरू सक्रिय छन्। प्रत्यक्ष उपनिवेशझैं पपुलर कल्चरमार्फत अनौपचारिक किसिमले साम्राज्यवाद लाद्ने क्रम जारी छ। अयरको शब्दमा 'ग्लोबल भिलेज'को नाममा 'मास कल्चर' 'मास सुसाइड'को रूपमा देखा परेको छ। अत्याधुनिक साम्राज्यवादी शक्ति आदिवासीलाई अघि लगाएर आदिवासी सौन्दर्य सिध्याउने संस्कृतिलाई घरेलूकरण गर्न सफल देखिन्छन्। नेपालले आफ्नो मौलिक आदिवासी सौन्दर्य औपचारिक रूपमा सिध्याइरहेको छ। अयरको शब्दमा 'ग्लोबलाइजेसन' नरमझैं देखिने कठोर साम्राज्यवाद हो। 'ग्लोबल भिलेज'को नाममा नेपालले पश्चिमा संस्कृतिको पक्षपोषणमा फसेर आफ्नो मौलिक आध्यात्मिक मूल्य-मान्यता मासिरहेको छ (अयर १९८९)।

नेवाः सभ्यतालाई केन्द्रमा राख्छ। सामूहिक सत्वलाई स्विकार्ने व्यक्ति सुन्दर देख्छ। गुठीमा नेवाः महिलाको भूमिकामाथि प्रश्नहरू छन्। यद्यपि, कुमारीदेखि विविध मूर्त-अमूर्त संस्कृतिले महिलाको मौलिक सौन्दर्यबारे बोध गराउँछ। नेवाः सभ्यतामा महिलालाई पुरुषले पुतलीका रूपमा प्रयोग गर्दैन। जस्तै, मिसा भोजमा पुरुषले भोजभतेर तयार गर्छ। महिलालाई खानपिन गराउँछ। जुठो टपरी प्लेट पुरुषले टिप्छ। पुरुषले बढारकुँढार, सरसफाइ, भाँडाकुँडा माझ्छ। सबै महिलालाई ढोग्छ। खोकनालगायत नेवाः बस्तीमा यस्तो रिचुअल अझै जीवित देखिन्छ। अझ महत्त्वपूर्ण कुरा, महिलाले सम्पत्तिमाथि समान अधिकार राख्छ। बिहेपछि नेवाः महिलालाई थांगु (श्रीमान्को) र थाचेन (जन्मेको) दुवै घरमा समान हक हुन्छ। विवाहित नेवाः महिलाले दुवै घरलाई आफ्नो घर सम्झन्छन्। दुवै घरबाट समान हक प्राप्त गर्छन्। अजिमा, अष्ठमात्रिका, गुहेश्वरी, विजेश्वरीजस्ता देवीहरूलाई क्षेत्रपालका रूपमा पुजिन्छ। नेवाः भूमि र समुदायको रक्षकका रूपमा आदर गरिन्छ। नेवाः भोजमा पनि सबैभन्दा पहिले अजिमालाई मुख्य देवीका रूपमा पुजिन्छ। अनि मात्रै जात्रा, भोज, उत्सव सुरु हुन्छ। भैरवलाई त्यसपछि पुजिन्छ। संस्कृतिविद् अशोज महर्जनका शब्दमा खोकना जात्रामा पहिले कुमारीको पूजा हुन्छ। त्यसपछि कालीको अनि मात्र भैरवको पूजा हुन्छ। देवीहरू नेवाः सभ्यतामा सबैभन्दा बढी शक्तिशाली, बुद्धिमानी र बहादुर देखिन्छन्। नेवाः समुदायको रोलमोडेल पनि महिला देखिन्छन्। कीर्तिपुरकी कीर्तिलक्ष्मीले पृथ्वीनारायण शाहको सेनासँग बहादुरीका साथ लडेकी थिइन्। उनले पुटुलाँ -अष्ठमात्रिका विम्बको आठ तुनावाला दौरा) पहिरिएर आफ्नो जनता र भूमिको रक्षार्थ लडिरहिन्, राजाको भेषमा। उनले आत्मसमर्पण गरिनन्। कदापि झुकिनन्, चुकिनन्, बिकिनन्। बरु आत्महत्याको बाटो रोजिन् (हृदयचन्द्रसिंह प्रधान, कीर्तिलक्ष्मी)। नेवाः सभ्यतामा महिला बहादुर देखिन्छन्। दक्षिणकाली देवीलाई युद्धको भगवान्का रूपमा पुजिन्छ।

नेवाः सभ्यतामा वर्णका आधारमा सुन्दरी मापन हुन्न। कला सीपले सुसज्जित महिलालाई सुन्दर मानिन्छ। आफ्नो भाषा, संस्कार, संस्कृति जान्ने आफ्नो परम्परा मान्ने महिला सुन्दर ठानिन्छन्। आफन्तजन, समुदायसँग घुलमिल भई सार्वजनिक स्थलमा महिला सराबरी मिसिएर बाजा बजाउँछन्। आफ्नो पोसाकमा सजिएर गीत गाउँछन्। नाच्छन्, प्रस्तुति दिन्छन्। आफ्नो परिकारमा रमाउँछन्। पुरुषसँगै सडकमा प्रदर्शन गर्छन्, निर्धक्क। उनीहरू पुरुषभन्दा कमजोर, लजालु, फरक हुन्नन्। सामूहिक प्रदर्शनीको उनीहरू हिस्सा हुन्छन्। म नै संसार हुँ भन्दैनन्, व्यक्तिवादी अहङ्कार ओकल्दैनन्। उनको पहिचान सामूहिक हुन्छ। .....रवि महर्जनका शब्दमा, महिला-पुरुष दुवैले कली, न्याचु, छचु जस्ता उस्तै गहना लगाउँछन्। दुवैले नाक छेड्दैनन्। जङ्कुमा पनि महिला र पुरुष दुवैले उस्तै गहना पहिरिन्छन्। मछिन्द्रनाथ रथ महिला-पुरुष दुवैले तान्छन्। आदिनाथ, मछिन्द्रनाथ, जनबहाल नाला, दोलखा सबैको मछिन्द्रनाथमा दर्शन गर्दा महिला-पुरुष दुवै पूजामा समान सहभागी हुन्छन्। बच्चा जन्मँदा छोरा होस् वा छोरी दुवैलाई उही प्वाँखालँ (हाकुपटासी भोटो) दिइन्छ, तिब्बती बौद्धमार्गीमाझैं। यस्तो सामूहिक संस्कृति बोकेको नेवाः सभ्यताका 'नेपाल सुन्दरी' कसरी एक्लै अर्धनग्न विजेता बनेर आफ्नो समुदायका अगाडि उभिन सक्छन् ? आयोजक नेवाः व्यवसायीले कसरी आफ्नो समुदाय सभ्यताको संरक्षण गरेको भनेर गर्व गर्न सक्छन् ? सुन्दरी प्रतियोगिता भन्दै नेवाःमार्फत नेवाः सभ्यता सिध्याउँदै त छैनौं हामी ? केन्याली लेखक नुगी थिङगोले भनेझैं यसले 'टाउकोविहीन शरीर र शरीरविहीन टाउको भएको' नागरिक उत्पादन गर्दै छ। जसले मतिभ्रष्टलाई पवित्र मान्दछ। नेवाः सभ्यताको केन्द्रभूमिमा नेवाः सौन्दर्य सिध्याउने सुन्दरी कारखाना किन चाहियो ?

भेट



**प्रेमिला राई**
premilarai25@gmail.com

कविता

भेट्न त हामीले जीवनको कुनै पनि मोडमा
नभेटिऔं भनेका थियौं
तर संयोगवश
हामी आन्दोलनमा भेटियौं
म शासक प्रशासकहरूविरुद्ध खबरदारी गरिरहेथें
तिमी त्यहीं हुलमा मुठी उठाइरहेका रहेछौ
म लाल गद्दारहरूलाई चेतावनी उद्घोष गरिरहेथें
तिमी त्यही वेला नारा लगाइरहेका रहेछौ।

भेट्न त हामीले चोक, चौतारा, देउराली
कतै नभेटिऔं भनेका थियौं
तर हामी आन्दोलनमा भेटियौं

छुटिनुपूर्व लहर नमिलेका पहाडजस्तै
हाम्रा आस्था र विचारहरू
आज एकैठाउँ भएछ
वर्षौंपछि हामी भेटिएका छौं
भेट्न त हामीले जीवनको कुनै पनि मोडमा
नभेटिऔं भनेका थियौं
तर आज सडकमा भेटियौं।

मलाई अझै पनि सम्झना छ
धेरैअघि हामी दोबाटोमा छुट्टिएका थियौं
कहिले नभेटिने उज्यालो र अँध्यारोजस्तै
तिमीले सोच्ने तरिका अलग
मैले बाँच्ने तरिका अलग
हामी एकै भएर पनि
आकाश र धर्तीजस्तै छुटेका थियौं
अलग बाटो समातेका थियौं
हामीले अलग यात्रा हिँडेका थियौं।

मलाई अझै पनि सम्झना छ
हामीले छोडेको बिन्दु नै अन्तिम थियो
तर कसो हामी दुई फरक ध्रुवमा उभिएका मान्छे
आज यो ध्रुवमा भेटियौं
मलाईजस्तै आश्चर्य तिमीलाई पनि लागेको हुनुपर्छ
मलाईजस्तो छट्पटी तिमीलाई पनि लागेको हुनुपर्छ
भेट्न त हामीले सपनीमा पनि नभेटौं भनेका थियौं
तर आज यस्तो महत्त्वपूर्ण घडीमा भेटियौं।

थाहा छैन
बादलबाट छुट्टिएको पानीको थोपाजस्तै छुट्टिएका हामी
कसरी भेटियौं ?
हुन सक्छ पानी समुद्रमा पुगेर बादल बनेझैं
तिमीले आफ्नो धारणा परिवर्तन गऱ्यौ कि म बदलिएँ ?
तिमीले आफ्नो अहंकार तोड्यौ कि
म फेरिएँ ?
या त यो पृथ्वीको धरातल बदलियो ?
फरक ध्रुवमा उभिएका हामीहरू
आज यसरी भेटिएका छौं
छुट्टिनुअघि जसरी त्यो अन्तिम बिन्दु थियो
भेटिएपछि उस्तरी नै यो सुरुवाती बिन्दु हुन सक्छ
या त नहुन पनि सक्छ
तर हामी अनौठो गरी यसरी भेटियौं
यो भेट अन्तिम पनि हुन सक्छ
या त निरन्तर भेटिइरहने पहिलो पनि हुन सक्छ।

भेट्न त हामीले जीवनको कुनै पनि मोडमा
नभेटिऔं भनेका थियौं
तर संयोगवश
हामी आन्दोलनमा भेटियौं।

नभेटिनु भेटिएपछि
हामीले एउटा शब्द त बोल्ने थियो
जुन आन्दोलनले व्यहोर्थ्यो
झरीपछिको
बाहिर आँगनमा फुलेकोजस्तै जिन्दगी।



अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ४ चैत ०७९

# बिमामा मर्जरको लहर, पुँजी वृद्धिसँगै क्षमता पनि बढ्दै

## प्रविधि, कर्मचारीको सीप विकास, बिमित तथा लगानीकर्ताले पाउने प्रतिफलमा वृद्धि हुने विश्वास

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

साढे सात दशकअघि सुरु भएको नेपालको बिमा व्यवसाय विभिन्न चरण पार गर्दै र परिपक्व हुँदै आएको छ। २००४ सालमा नेपाल बैंकले नेपाल माल चलानी तथा बिमा कम्पनी स्थापना गरेर सुरु भएको बिमा व्यवसायमा आएको विकासँगै केही वर्षअघि बिमा गर्ने कम्पनीको संख्या जीवन बिमाका १९ र निर्जीवन बिमाका २० सम्म पुग्यो। यसका साथै, दुई पुनर्बिमा कम्पनी पनि सञ्चालनमा छन्। यसका अलावा सातवटा लघुबिमा कम्पनी सञ्चालनको तयारीमा छन्।

तर, बजारका आधारमा नेपालमा बिमा कम्पनीको संख्या धेरै भएको महुसस भइसकेको थियो। नियामक निकाय नेपाल बिमा प्राधिकरण (साबिक बिमा समिति) र स्वयं बिमा कम्पनीहरूले मर्जरलाई वास्ता गरेनन्। तर, अहिले जीवन तथा निर्जीवन बिमा कम्पनीहरू उत्साहजनक रूपमा मर्जरमा अगाडि बढेका छन्। हालसम्म निर्जीवनतर्फ चार र जीवन बिमातर्फ एउटा मर्जर सफल भइसकेको छ।

हालसम्म १२ निर्जीवन बिमा कम्पनी ६ वटामा कायम हुने गरी मर्जर प्रक्रियामा सहभागी भएका छन्। त्यसमा आठ निर्जीवन बिमा कम्पनी चारवटामा कायम भएर एकीकृत कारोबार सुरु गरिसकेका छन्। यसबाहेक अन्य चार कम्पनी पनि मर्जर प्रक्रियामा छन्।

यस्तै, जीवन बिमातर्फ नौ कम्पनी चार वटामा कायम हुने गरी मर्जर प्रक्रियामा सहभागी भएका छन्। त्यसमा सूर्या लाइफ र ज्योति लाइफले सूर्यज्योति लाइफको नामबाट एकीकृत कारोबार सुरु गरेका छन्। अन्य कम्पनीको मर्जर भने प्रक्रियामै छ। प्रक्रियामा रहेका सबैको मर्जर सफल भएमा जीवन र निर्जीवन बिमा कम्पनीको संख्या १४-१४ वटामा झर्नेछ। साथै, अन्य कम्पनीहरू पनि मर्जरको योजनामा छन्, त्यसअनुसार बिमा कम्पनीको संख्या थप घट्ने सम्भावना जीवितै छ।

नेपालमा बैंक तथा वित्तीय संस्थामा मर्जरको अभ्यास बढी छ। बैंकहरू ०६१ यता नै मर्ज हुँदै आएका छन्। तर, बिमामा भने यही वर्ष मात्रै मर्जर अभ्यास सफल भएको हो। ११ वर्षअघि नेको र प्रिमियर इन्स्योरेन्सले मर्जरमा जाने गरी सहमति गरे पनि पछि भाँडिएको थियो। बिमा कम्पनी मर्ज गर्न प्राविधिक रूपमा हुने कठिनाइबीच पनि उत्साहपूर्ण रूपमा मर्ज भइरहेको देखिएको छ।

विशेष गरी नियामक निकाय बिमा प्राधिकरणले चुक्ता पुँजी बढाउने नीति ल्याएपछि बिमा कम्पनीहरू मर्जरमा जान बाध्य भएका हुन्। हाल जीवन बिमा कम्पनीको दुई अर्ब रुपैयाँ र निर्जीवन बिमा कम्पनीको एक अर्ब रुपैयाँ न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। त्यसमाथि आगामी चैत मसान्तभित्र जीवन बिमा कम्पनीले पाँच अर्ब रुपैयाँ र निर्जीवन बिमा कम्पनीले दुई अर्ब ५० करोड रुपैयाँ न्यूनतम चुक्ता पुँजी कायम गर्नुपर्ने प्राधिकरणको निर्देशन छ। यसलाई प्राधिकरणले कम्पनीको चुक्ता पुँजी बढाउन मर्जरलाई प्रोत्साहन गरेको मान्न सकिन्छ। त्यसपछि बिमा कम्पनीहरू मर्जरमा जान थालेका हुन्। यसले समग्र बिमा क्षेत्रलाई नयाँ ढंगले अगाडि बढाउन सहयोग पुग्ने सरोकारवाला बताउँछन्।

### ■ यी हुन् मर्जरका फाइदा

मर्जरका कारण बिमा क्षेत्रको जोखिम धारण गर्ने क्षमता, प्रतिफल र बोनस दर बढ्ने, प्रविधिको विकासका साथै बजार विस्तार हुने, अस्वस्थ प्रतिस्पर्धा निरुत्साहन हुने विश्वास गरिएको छ। यसले नेपालप्रति विदेशी पुनर्बिमा कम्पनीहरूको दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउने विश्वास गरिएको छ। बिमा कम्पनीहरूको संख्या बढी हुँदा अस्वस्थ प्रतिस्पर्धा पनि बढी थियो। अब कम्पनीको संख्या घट्ने भएसँगै अस्वस्थ प्रतिस्पर्धा निरुत्साहित हुने अपेक्षा गरिएको छ। साथै, कम्पनीको चुक्ता पुँजी बढेपछि जोखिम धारण गर्ने क्षमता, लगानी बढाउने क्षमतासमेत बढ्ने विश्वास गरिएको छ। त्यसले सेवा तथा व्यवसाय विस्तार गर्नसमेत सहयोग पुग्ने अपेक्षा छ।

साथै, बिमा क्षेत्रमा प्रविधिको विकास गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। लगानी अभावका कारण अझै पनि बिमा क्षेत्रमा प्रविधिको विकास व्यापक रूपमा हुन सकेको छैन। अझै पनि अनलाइनमार्फत बिमा पोलिसी खरिद-बिक्री गर्ने प्रविधि बनेको छैन। तर, कम्पनीको आर्थिक क्षमता बढेसँगै प्रविधिमा समेत लगानी बढ्ने सरोकारवाला बताउँछन्। यसैगरी, दुईभन्दा बढी कम्पनीको कर्मचारीबीच एकै ठाउँमा ज्ञान तथा सीप आदान-प्रदानमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै, कर्मचारीको सीप विकासमा समेत ठूलो योगदान पुग्ने बताइएको छ।

हकप्रदमार्फत पनि बिमा कम्पनीहरूको चुक्ता पुँजी बढाउन सकिन्छ। तर, बिमा क्षेत्रमा लगानीको प्रतिफल दर यसै पनि कम छ। त्यो अवस्थामा हकप्रदमार्फत चुक्ता पुँजी बढाउँदा त्यति फाइदा नहुने स्पष्ट थियो। साथै, हकप्रदमार्फत कम्पनीको चुक्ता पुँजी मात्रै बढ्थ्यो। जगेडा कोष, बिमा कोषलगायतका अन्य सूचक भने बढ्ने थिएन। त्यसैले कम्पनीहरूको क्षमता विकास गर्न मर्जर नै उपयोगी रहेको सरोकारवाला बताउँछन्।

प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल मर्जरले बिमा क्षेत्रमा सिनर्जी ल्याउने बताउँछन्। 'मर्जरपछि कम्पनीको संख्या घट्ने भएसँगै अस्वस्थ प्रतिस्पर्धा निरुत्साहन हुने भयो। साथै, चुक्ता पुँजी बढी हुँदा कम्पनीलाई व्यवसाय बढाउन पनि सजिलो हुने भयो,' उनले भने, 'साथै, अनुसन्धानमूलक काम गर्न पैसाको अभाव हुने भएन, फलस्वरूप बिमा क्षेत्रमा इनोभेटिभ विकास गर्न सकिन्छ। साथै, सूचना प्रविधिमा पनि लगानी बढाउन सकिन्छ।' यसका अलावा कर्मचारीको सीप विकासमा समेत ठूलो सहयोग पुग्ने हुनाले अबका दिनमा बिमा क्षेत्र नयाँ उत्साहका साथ अघि बढ्ने उनको भनाइ छ।

यस्तै, नेपाल निर्जीवन बिमक संघका अध्यक्ष तथा मर्जर प्रक्रिया सम्पन्न गरेको सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) चंकी क्षेत्रले अब विदेशी पुनर्बिमा कम्पनीको दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउने बताए। 'मर्जरसँगै कम्पनीको जोखिम धारण गर्ने क्षमता बढेको छ। फलस्वरूप अब हामीले पुनर्बिमा कम्पनीलाई हस्तान्तरण गर्ने जोखिमको अनुपात घटाउन सक्छौं। यसले नेपाली बिमा क्षेत्रप्रति विदेशी पुनर्बिमा कम्पनीहरूको दृष्टिकोणमा सकारात्मक परिवर्तन आउनेछ,' उनले भने, 'अब बिमा सेवालाई अझै गुणस्तरीय बनाउँदै गाउँ-गाउँमा पुऱ्याउन सकिन्छ।'

यस्तै, मर्जर प्रक्रियामा रहेको युनियन लाइफका सिइओ मनोजकुमार लाल कर्ण पनि मर्जरले बिमा क्षेत्रमा नयाँ उत्साह ल्याउने बताउँछन्। मर्जरका कारण अब कम लागतमा बढी व्यवसाय गर्न सकिने उनको भनाइ छ।

'मर्जरपछि कम्पनीका विभिन्न सूचकको आकार बढ्दा व्यवसायसमेत बढाउन सकिन्छ। तर, त्यो अनुपातमा खर्च भने बढ्दैन,' उनले भने, 'त्यसले बिमितले पाउने बोनसदेखि लगानीकर्तालाई दिने प्रतिफलसमेत बढाउन सहयोग पुग्छ। किनकि, अब कम्पनीको बिमा कोषको आकार पनि बढ्नेछ। फलस्वरूप लगानी गर्ने क्षमतासमेत बढेको हुन्छ र आम्दानी पनि बढ्छ।' तर, त्यसअनुरूप खर्च नबढ्ने हुनाले निकट भविष्यमा बिमित तथा लगानीकर्ताले पाउने प्रतिफलसमेत बढ्ने उनको भनाइ छ।

### ■ तर, भाँडियो प्रभु र अजोडको मर्जर

यद्यपि, यसबीचमा प्रभु र अजोड इन्स्योरेन्सको मर्जर प्रक्रिया भने भाँडिएको छ। गत असारमा उक्त दुई कम्पनीले मर्जरको सहमति गरेका थिए। तर, गत २७ पुसमा उनीहरूको मर्जर सहमति भाँडियो। त्यसपछि अजोड इन्स्योरेन्सले युनाइटेडसँग मर्जर सहमति गरिससकेको छ। तर, प्रभुले भने मर्जरका लागि नयाँ साझेदार पाइसकेको छैन।

### ■ यस्तो छ अरू कम्पनीको अवस्था

यद्यपि, नेपाल लाइफ, नेसनल लाइफ र नेको इन्स्योरेन्सको तोकिएको न्यूनतम पुँजी पहिले नै पुगिसकेको छ। त्यसअनुसार उनीहरूलाई मर्जरमा जान दबाब छैन। विदेशी कम्पनी मेटलाइफ नेपाल, नेसनल र दी ओरियन्टल इन्स्योरेन्सको चुक्ता पुँजी पुगेको छैन। उनीहरूले तोकिएको चुक्ता पुँजीबराबरको छुट्टै कोष बनाउँदै छन्। यीबाहेक सिटिजन लाइफ, सन नेपाल लाइफ, एसियन लाइफ, आइएमई लाइफ, रिलायबल लाइफ, एनएलजी, नेपाल र प्रभु इन्स्योरेन्सले चुक्ता पुँजी बढाउने मामलामा ठोस निर्णय गरिसकेका छैनन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

# अर्थतन्त्र सुधार्न राष्ट्रपतिलाई परिसंघको सुझाव

**नयाँ पत्रिका**
**काठमाडौं, ३ चैत**

नेपाल उद्योग परिसंघ (सिएनआई)को प्रतिनिधिमण्डलले शुक्रबार नवनियुक्त राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर वर्तमान अर्थतन्त्रका बारेमा जानकारी गराएको छ। भेटमा परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले देशको चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्र सुधारबारे निजी क्षेत्रको तर्फबाट सुझाव दिएका थिए।

समष्टिगत रूपमै बजारको मागमा उच्च कमी आउँदा अर्थतन्त्र विषम परिस्थितिबाट गुज्रिरहेको बताउँदै अध्यक्ष अग्रवालले अर्थतन्त्र सुधारका लागि मागमा वृद्धि ल्याउनुपर्ने र ब्याजदर घट्नुपर्ने राष्ट्रपति पौडेलसमक्ष बताए। परिसंघले अगाडि सारेको वर्तमान अर्थतन्त्रको अवस्था र सुधारका लागि चालिनुपर्ने उपायसहितको 'रिबुटिङ नेप्लिज इकोनोमी' अवधारणा पनि उनले राष्ट्रपतिसमक्ष पेस गरे।



भेटमा राष्ट्रपति पौडेलले परिसंघबाट आएका सकारात्मक सुझावहरू कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउने आश्वासन दिए। प्रतिनिधिमण्डलमा परिसंघका निवर्तमान अध्यक्ष सतिशकुमार मोर, पूर्वअध्यक्ष हरिभक्त शर्मा, उपाध्यक्षहरू वीरेन्द्रराज पाण्डे, राजबहादुर शाह, हेमराज ढकाल, रोहित गुप्ता, परिसंघ गभर्निङ काउन्सिल सदस्यहरू शिवरतन सारडा, बालकृष्ण श्रेष्ठ, परिसंघका महानिर्देशक दीपकराज जोशीलगायत सहभागी थिए।

# खाद्य व्यवस्था कम्पनी जनकपुरले लक्ष्यअनुसारको धान खरिद गर्न सकेन

जनकपुरमा **हदिश खुद्दार**

सुरुमा किसानको धान खरिद गर्न आनाकानी गर्दै आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय जनकपुरले लक्ष्यअनुसार धान खरिद गर्न सकेको छैन। नेपाल सरकारले सो कार्यालयलाई यस वर्ष १५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य दिएकोमा हालसम्म नौ सय ६४ क्विन्टल धान मात्र खरिद गरेको हो।

यस वर्ष अहिलेसम्म ३० लाख १६ हजार एक सय ७४ मूल्यबराबरको धान मात्रै खरिद गर्न सकेको कम्पनीले जनाएको छ। सरकारले यस वर्ष सोना मन्सुली धान प्रतिक्विन्टल तीन हजार एक सय २८ रुपैयाँ मूल्य तोकेको छ। यस वर्ष धान खरिद प्रक्रिया नै झन्झटिलो भएकाले लक्ष्यअनुसार खरिद गर्न नसकिएको कम्पनीले जनाएको छ।



कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शंकर साहको संयोजकत्वमा गठित समितिले धान खरिद गर्दा किसानहरूले जग्गाधनीको लालपुर्जा र बैंकमा खाता खोलेको हुनुपर्ने नियम अनिवार्य लागू गरेपछि किसानहरूले झन्झटिलो प्रक्रियाका कारण खाद्य व्यवस्थालाई धान नबेची निजी गल्ला व्यापारीलाई धान बेचेकाले यसपालि लक्ष्य प्राप्ति हुन नसकेको सूचना अधिकारी रामपुकार मण्डलले बताए।

तर, सुरुवाती अवस्थामा कम्पनीले गत वर्ष खरिद गरिएको धान अझै गोदाममै रहेको भन्दै किसानको धान खरिद गरिरहेको थिएन। कम्पनीले धान खरिद नगरेपछि यस क्षेत्रका किसानले बाध्य भएर कम मूल्यमा गल्ला व्यापारीलाई बेच्न बाध्य भएका थिए।

अघिल्लो आर्थिक वर्षमा १५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएकोमा १६ हजार ६ सय ६८ क्विन्टल धान खरिद भएको थियो। स्थानीय गल्ला व्यापारीले किसानसँग उद्यारोमा धान खरिद गर्ने, तर खाद्य व्यवस्था कम्पनीलाई बेच्दा नगदमा बिक्री हुने गरेको भए पनि यस वर्षको झन्झटिलो प्रक्रियाका कारण पनि अधिकांश किसान मारमा परेका छन्।

# सातामा ७० अंकले घट्यो नेप्से

**काठमाडौं**/ सातामा नेप्से परिसूचक ६९ दशमलव ३९ अर्थात् तीन दशमलव ५१ प्रतिशतले घटेको छ। साताको अन्तिम कारोबार दिन नेप्से सूचक एक हजार नौ सय ३३ दशमलव ३१ बिन्दुमा बन्द भएको छ। अघिल्लो साता तीन दिन मात्र भएको कारोबारमा नेप्से सूचक एक दशमलव ७४ प्रतिशतले बढेको थियो। अघिल्लो साताको तुलनामा भने नेप्से सूचक विन्दु तल ओर्लिएको छ। अघिल्लो साता नेप्से सूचक दुई हजार २ दशमलव ७० को विन्दुमा बन्द भएको थियो।

यो साता नेप्से परिसूचक दुई हजार १६ दशमलव शून्य ५ को उच्चतम विन्दु र एक हजार नौ सय २० दशमलव १० को न्यूनतम विन्दुसम्म पुगेको थियो। यसबीचमा नेप्सेले करिब ९६ अंकको अस्थिरता देखिएको प्रस्ट हुन्छ। अघिल्लो साता परिसूचकले ६७ दशमलव २० अंकको अस्थिरता देखाएको थियो।

यस साता पाँच दिन भएको कारोबारमा ६ अर्ब ३० करोड ८९ लाख रुपैयाँको कारोबार भएको छ। अघिल्लो साता तीन दिन कारोबार हुँदा चार अर्ब १६ करोड रुपैयाँको सेयर किनबेच भएको थियो। औसत दैनिक कारोबार एक अर्ब २६ करोड रुपैयाँको मात्र हुन सकेको छ। बजार घट्दा लगानीकर्ता 'पर्ख र हेर'को रणनीति अपनाइरहेका छन्। सबैभन्दा धेरै सेयर किनबेच गर्ने कम्पनीमा एनआइसी एसिया बैंक, शिवम् सिमेन्ट र हिमालयन डिस्टिलरी रहेका छन्। कम्पनीले दुई अर्ब रुपैयाँदेखि तीन अर्ब ४५ करोड रुपैयाँसम्मको कारोबार गरेका छन्।

**पेशागत विमा अभिकर्ता संघ नेपालको राष्ट्रिय महाधिवेशन सम्बन्धि सूचना**

पेशागत विमा अभिकर्ता संघ नेपालको राष्ट्रिय महाधिवेशनको मिति २०७९ चैत्र २४ र २५ गते काठमाडौंमा हुने भएकोले सम्पूर्ण अभिकर्ता सहित सरोकार वालाहरूलाई जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**पेशगत विमा अभिकर्ता संघ नेपाल**
केन्दीय समिति, सम्पर्क : ९८४१२१६१००

**समवेदना**



जन्म :
वि.सं.२०१३/०६/२८

स्वर्गारोहण मिति :
वि.सं. २०७९/११/२२

स्व.डा. रोशन लाल श्रेष्ठ

यस संघका बरिष्ठ आजिवन सदस्य **डा. रोशन लाल श्रेष्ठ**को मिति २०७९ फाल्गुण २२ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**नेपाल चिकित्सक संघ**
परिवार

Province Government
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

**Road Infrastructure Development Office,**
**Bardiya, Nepal**

**Notice for Opening of Price Bid**

Date of Publication : 2079/12/04 (18th March, 2023)

1) Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidders participated in the bidding of contracts published in Himalaya times National Daily on 2079/07/06 (October 23, 2022). The technical bids of following listed bidders for the contracts are qualified.

2) All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on 2079/12/12 (26 March, 2023) 13:00 hours at the office of Road Infrastructure Development Office, Gulariya, Bardiya.

| S.N | Contract Identification No | Description and Location of Works | Qualified Bidders |
|---|---|---|---|
| 1 | RIDO/BAR/W/ NCB/BUDHIKULO/ BRI/01/079-80 | Budhikulo (Sindurghat) Pre-stressed Bridge along Sindurghat- Jeetpur-Laxmanpur Road Bardiya, Rajapur Municipality. | 1. Dhurbatara-Nandegada JV, Dhangadhi Kailali<br>2. Jaya Bageshwori Mata Construction Pvt. Ltd, Nepalgunj, Banke |

**Office Chief**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

**सडक डिभिजन चौरजहारी**
रुकुम पश्चिम

**ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०७९/१२/०४**

तपसिलका उल्लिखित निर्माण व्यवसायीले यस डिभिजन कार्यालयसँग निम्नानुसारको निर्माण कार्य गर्ने सम्झौता गरी सम्झौता बमोजिम तोकिएको समयभित्र निर्माणकार्य सम्पन्न नगरेको हुँदा, निर्माणकार्य सम्पन्न गर्नका लागि यसअघि यस कार्यालयमा पेश गरिएका प्रतिबद्धता गर्दा समेत लामो समयसम्म निर्माणकार्य सम्पन्न गर्ने सन्दर्भमा कुनै चासो नदेखाएको र पछिल्लो समय म्याद थप हुँदा गरिएका प्रतिबद्धता र बिभिन्न मितिमा ताकेता गर्दा यस कार्यालयमा पेश गरिएका प्रतिबद्धताको कार्यान्यवन नहुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र सोहीअनुरूप निर्माण व्यवसायीसंग भएको ठेक्का सम्झौताबमोजिम ठेक्का किन नतोड्ने ? ठेक्का नतोड्नुपर्ने कुनै मनासिब कारण भएमा १५ (पन्ध्र) दिनभित्र विश्वसनीय स्पष्टीकरण र समयमै निर्माणसम्पन्न गर्ने यथेष्ट कार्ययोजनासहित यस डिभिजन कार्यालयमा उपस्थित हुन तथा निर्माणकार्य सुचारु गर्न अनुरोध छ। अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका शर्तहरु, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्द गरी तत्पश्चात गरिने सम्पूर्ण कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | DROCJI/33715 74/072/73/063 | Construction of Pre-stressed RCC Bridge over Bheri between Ragda Jajarkot & Syalakhadi Rukum Districts | मृत संजीवनी-ग्याल्वा जे. भि. | २०७३/०३/३१ | २०७७/०९/१३ |
| २ | DRODG/33715 74/124/070/71 | Prestressed RCC Bridge Construction over Bheri River, Purtim Kanda and Garayala VDC Megha (Devesthal Chaurjahari Radijyula Dolpa Road (Near Bithakot, Madhyapahadi Lokmarg) | सपना-सैलुंग जे.भि. | २०७१/०८/०२ | २०७७/०९/१३ |

**डिभिजन प्रमुख**

शनिबार ४ चैत ०७९
www.nayapatrikadaily.com
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०
नयाँ पत्रिका

# कहिले बन्ला सुविधासम्पन्न क्रिकेट रंगशाला ?

खेलाडीले निरन्तर उत्कृष्ट प्रदर्शन गरे पनि नेपालले अहिलेसम्म सुविधासम्पन्न क्रिकेट रंगशालासमेत बनाउन सकेको छैन । नेपालपछि क्रिकेट खेल्न सुरु गरेको अफगानिस्तान अहिले टेस्ट राष्ट्र बनिसकेको छ । अफगानिस्तानको सफलतामा भौतिक पूर्वाधारको विकासलाई मुख्य मानिन्छ ।

**रमेश सुवेदी**/नयाँ पत्रिका

सयौँ दर्शक रूखमा र मैदानबाहिर हजारौँ दर्शक घन्टौँ उभिएर बिहीबार नेपाल र युएईबीचको रोमाञ्चक प्रतिस्पर्धा खेल हेरे । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान सुविधासम्पन्न नहुँदा ती दर्शक रहरले नभएर बाध्यतावश यस्तो अवस्थामा खेल हेर्न बाध्य भएका थिए । नेपालको एक मात्र अन्तर्राष्ट्रियस्तरको मान्यताप्राप्त त्रिवि क्रिकेट मैदानमा प्यारापिट नहुँदा दर्शक भिरालो घाँसेमैदानमा वर्षौंदेखि अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगितामा नेपालको समर्थन गर्दै आइरहेका छन् । त्रिवि मैदानमा हुने हरेक अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा हजारौँ दर्शक ओइरिने गर्छन् ।

सम्बन्धित निकायले मैदानको स्तरीयकरणबाहेक अन्य भौतिक पूर्वाधारपक्षतर्फ ध्यान दिएको देखिँदैन । फेरि, नेपाली क्रिकेट टोली आइसिसी एकदिवसीय विश्वकप ग्लोबल छनोटमा पुगिसकेको छ । ग्लोबल छनोट एक स्तरमाथिको खेल हो । जहाँ नेपालले टेस्ट मान्यताप्राप्त राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्नेछ । जिम्बाबेमा हुने छनोट खेलमा नेपालले माथिल्लो स्तरको प्रदर्शन गर्न खेलाडीले आधुनिक सुविधाअनुसार प्रशिक्षण पाउनुपर्छ । नेपालले चार वर्षको एकदिवसीय मान्यता रक्षा गरिसकेको छ । यो चार वर्षको अवधिमा नेपाल क्रिकेट संघ (क्यान)ले सम्भवतः विभिन्न अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्नेछ । जबसम्म भौतिक पूर्वाधार विकास हुँदैन, त्यसवेलासम्म क्रिकेटको विकास मान्न सकिँदैन । भौतिक पूर्वाधारकै कारण नेपालभन्दा धेरैपछि क्रिकेट खेल्न थालेका राष्ट्रहरू आज नेपालभन्दा माथिल्लो स्तरमा पुगेका छन् ।

उदाहरणका लागि अफगानिस्तानलाई लिन सकिन्छ । सन् २००१ ताका नेपाली टोली एसोसिएट राष्ट्रमध्ये बलियो थियो । सन् १९९६ मै नेपाल आइसिसीको सदस्य बनिसकेको थियो । त्यसवेला अफगानिस्तानमा क्रिकेटको जग नै बसेको थिएन । पछि अफगानिस्तान क्रिकेट बोर्डले खेलाडीलाई सुविधासम्पन्न गराउनुका साथै अन्तर्राष्ट्रियस्तरको भौतिक पूर्वाधार निर्माण गऱ्यो । आज अफगानिस्तान टेस्ट मान्यताप्राप्त राष्ट्र बनिसकेको छ । नेपालका पूर्वकप्तान विनोद दासले वर्तमान पूर्वाधारले क्रिकेट विकास गर्न नसकिने बताउँछन् । 'राम्रो गर्दा सबै राम्रो देखिन्छ, तर हाम्रो पूर्वाधार उही छ,' पूर्वकप्तान दासले नयाँ पत्रिकासँग भने, 'त्रिविको खेलमैदानले कति धान्ने हो, सरकारले लगानी लगाउने वेला भएको छ ।'



आइसिसी विश्वकप लिग- २ मा नेपाल र युएईबीचको खेल हेर्दै घरेलु समर्थक । फाइल तस्बिर

## ■ डे-नाइट खेलमा समस्या आउने

आइसिसीले एकदिवसीय विश्वकप ग्लोबल छनोटका क्रममा केही खेल डे-नाइट (दिवा-रात्रि) पनि गराउन सक्छ । आइसिसीले यस्तो खेलतालिका निकाल्दा नेपाललाई समस्या पर्न सक्छ । नेपालमा डे नाइट खेल सञ्चालन गराउन फ्लड लाइट सुविधाको मैदान नै छैन । यही फ्लड लाइट नभएका कारण नै नेपाल र युएईबीच ब्याड लाइटमै खेलाइयो । ब्याड लाइटकै कारण खेल रोकियो । यदि त्रिवि खेल मैदानमा फ्लड लाइट व्यवस्था हुँदा यस्तो समस्या आउने थिएन ।

फ्लड लाइट नहुँदा नेपालले केही महत्त्वपूर्ण अन्तर्राष्ट्रियस्तरको सिरिज गुमाउन सक्छ । क्यानका कार्यवाहक सचिव पाठकले फ्लड लाइटको आवश्यकता महसुस गरेका छन् । 'नेपालले विश्वकपको ढोका खोलेको छ, तर हामीलाई पूर्वाधार र फ्लड लाइटको अभाव छ,' पाठकले भने, 'त्यही पूरा गनुपर्ने सुरुवाती चुनौती हो ।' नेपालले यसै वर्ष एसिसी प्रिमियर लिग आयोजना गर्दै छ । आधा दर्जन एसियन टोलीले सहभागिता जनाउने प्रतियोगिता मूलपानी र कीर्तिपुरमा हुने तय छ । मूलपानीको मैदान बनिसकेको छैन । मूलपानीको मैदान नै पूर्ण नहुँदा क्यान दबाबमा छ । 'कीर्तिपुरमा केही समस्या छैन, तर मूलपानीमा समस्या छ । केही पूर्वाधारका काम बाँकी छन् । पिच बनाउन सुरु गरेका छौं,' पाठकले भने ।

## ■ क्यानलाई पूर्वाधारको अभाव

क्यानले प्रयोग गर्दै आइरहेको त्रिवि मैदान त्रिभुवन विश्वविद्यालयको मातहतमा छ । त्रिविले क्यानलाई मैदान भोकचलनको जिम्मा दिएको छ । सन् २००१ देखि नै मूलपानीको माथिल्लो र तल्लो मैदान बन्ने क्रम सुरु भएको हो । तर, दुई दशक बित्दा पनि यो मैदानले पूर्णता पाउन सकेको छैन । यस मैदानमा घरेलु प्रतियोगिता भए पनि अन्तर्राष्ट्रिय खेल आयोजना भएको छैन । राष्ट्रिय खेलकुद परिषद्को सहयोगमा ०७१ देखि मूलपानी मैदान निर्माण कार्य सुरु भयो । दुई वर्षभित्र सकिने योजना रहेको मैदानमा लामो समय जग्गा विवादले अल्झियो । विवाद साम्य भएको तीन वर्ष बित्नै लाग्दासमेत मैदान बनाउने कामले गति लिन सकेको छैन । काठमाडौं उपत्यकाबाहेक पोखरा, दाङ बेलभुन्डी, इटहरी र नेपालगन्ज र भैरहवामा क्रिकेट मैदान छन् । ती मैदानमा घरेलु प्रतियोगिता मात्रै हुन्छन् । यी मैदान न्यून मापदण्डसमेतका छैनन् । 'हामीलाई पूर्वाधारकै अभाव छ । त्रिवि खेलमैदानबाहेक अन्य मैदानस्तरीय छैनन्,' क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले भने ।

## ■ घरेलु संरचनाको कमी

विश्वकप खेल्ने सपना बुनिरहेको क्यानले घरेलु प्रतियोगिताको संरचना बलियो बनाउन सकेको छैन । क्यानले वर्षमा राष्ट्रियस्तरको प्रतियोगिता नियमित आयोजना गर्न सकेको छैन । पछिल्ला पाँच वर्षको तथ्यांक हेर्दा क्यान आफैंले घरेलु प्रतियोगिता आयोजना गरेको छैन । राखेपको सहयोगमा एकदिवसीय प्रधानमन्त्री कप आयोजना हुँदै आएको छ । यो पनि एकपटक टी-२० फर्म्याटमा भयो । यसै वर्ष क्यानले नेपाल टी-२० फ्रेन्चाइज लिग आयोजना गऱ्यो । तर, यसमा धेरै विवाद भए । नेपाल टी-२० लिगमा म्याच फिक्सिङ काण्ड बाहिर आएपछि विवाद अदालतसम्म पुग्यो । क्यान आइसिसीको निलम्बनमा रहँदा निजी कम्पनीले एभरेस्ट प्रिमियर लिग, धनगढी प्रिमियर लिग र पोखरा प्रिमियर लिग आयोजना गरेका थिए ।

## ■ खेलाडीलाई नगददेखि मोटरसाइकलसम्म घोषणा

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपाली टोलीका सदस्य गुल्सन झा र हारिफ शेखलाई जनही दुई-दुई लाख दिने घोषणा गरेका छन् । मधेस प्रदेशका खेलाडी झा र शेखले विश्वकप लिग-२ मा उत्कृष्ट खेल प्रदर्शन गरेको यादवले बताए । यसैगरी, वीरगन्ज महानगरपालिकाले ओपनर आसिफ शेख र अलराउन्डर आरिफ शेखलाई प्रोत्साहनस्वरूप एक-एक थान मोटरसाइकल प्रदान गर्ने भएको छ ।

बागमती प्रदेशले विश्वकप ग्लोबल छनोटमा पुग्ने खेलाडीलाई नगदसहित सम्मान गर्ने भएको छ । बागमती प्रदेश सरकारले राष्ट्रिय टोलीका प्रत्येक सदस्यलाई जनही एक लाख रुपैयाँ दिने घोषणा मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले गरेका हुन् ।

## ■ खेलकुद क्षेत्रमा पूर्वाधार बढाउनुपर्छ : राष्ट्रपति



नेपाली टोली एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा पुगेपछि शुक्रबार राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रपति पौडेलले नेपाली खेलाडीलाई बधाई तथा शुभकामना दिएका छन् । खेलाडीहरूलाई बुधाई दिँदै राष्ट्रपति रामचन्द्र पौडेलले खेलाडीको मनोबल बढाउन सरकारले ध्यान दिनुपर्ने बताएका छन् । देशको सान राख्न खेलकुद क्षेत्रमा पूर्वाधार बढाउनुपर्ने जिकिर उनले गरेका छन् । 'नेपाली क्रिकेट टोलीले देशको इज्जत र गौरव बढाएको छ, नेपालमा खेलकुद क्षेत्रमा पूर्वाधारको कमी रहेको छ, यस्तो परिस्थितिमा पनि क्रिकेट टोलीले ऐतिहासिक सफलता प्राप्त गरेकामा प्रसन्नता लागेको छ,' राष्ट्रपति पौडेलले भने, 'नेपाली क्रिकेट खेलाडीको प्रदर्शनले मनभित्रैबाट आनन्द मिलेको छ, मैले नेपालले खेलेको बिहीबारको खेल हेर्रें, असाध्यै राम्रो खेल थियो ।'

## ■ त्रिवि रंगशालामा फ्लड लाइट र स्कोर बोर्ड जडान गर्न प्रधानमन्त्रीको निर्देशन



प्रधानमन्त्री पुष्पकमल दाहालले एकदिवसीय विश्वकप ग्लोबल छनोटमा पुगेको नेपाली क्रिकेट टोलीलाई बधाई दिँदै खेलाडीलाई जनही तीन लाख नगद पुरस्कार दिने घोषणा गरेका छन् । प्रधानमन्त्री दाहालले शुक्रबार टोलीलाई बालुवाटारमा बधाई दिँदै पुरस्कार घोषणा गरेका हुन् । विश्वकप लिग-२ कै अन्तिम खेल हेर्न प्रधानमन्त्री दाहाल त्रिवि क्रिकेट मैदानमै पुगेका थिए । 'तपाईंहरूले प्रदर्शन गरेको खेलबाट तपाईंहरू सबै धन्यवादको हकदार बन्नुभएको छ,' प्रधानमन्त्री दाहालले भने, 'म सम्पूर्ण विजेता खेलाडीलाई नेपाल सरकारको तर्फबाट तीन-तीन लाख नगद पुरस्कार दिने घोषणा गर्छु ।'

यसैबीच, प्रधानमन्त्री दाहालले तत्काल त्रिवि क्रिकेट मैदानमा फ्लड लाइट र स्कोर बोर्ड जडान गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई निर्देशन दिएका छन् । प्रधानमन्त्री दाहालले सुविधासम्पन्न क्रिकेट रंगशाला निर्माण गर्न प्रयास भइरहेको बताउँदै चितवनको क्रिकेट रंगशालामा देखिएको प्राविधिक जटिलतालाई समाधान गरी अगाडि बढाउने जनाए । 'सुविधासम्पन्न क्रिकेट रंगशाला निर्माण कार्य तीव्रताका साथ नेपाल सरकारबाट अगाडि बढाउने प्रयास भइरहेको छ । चितवनको क्रिकेट रंगशालामा देखिएको प्राविधिक जटिलतालाई पनि समाधान गरी अगाडि बढ्नेछौं,' उनले भने, 'यसले पनि नेपालको क्रिकेटलाई अझ उचाइमा पुऱ्याउन मद्दत पुग्छ भन्ने विश्वास लिएको छु ।'

# शुक्रबहादुरलाई सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि




**काठमाडौं**/ नेपालका नम्बर एक गल्फर शुक्रबहादुर राईले शुक्रबार सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि जितेका छन् । सूर्य नेपाल गल्फ टुर २०२२/२३ अन्तर्गतको यो पाँचौं प्रतियोगिता हो । अन्तिम दिन शुक्रबहादुरले दुई अन्डर ७० स्कोर गरेका थिए । उनले समग्रमा २३ अन्डर २६५ को स्कोर गर्दै उपाधि हात पारेका हुन् । दोस्रो स्थानमा रहेका भुवन नगरकोटीलाई शुक्रबहादुरले चार स्ट्रोकले पछि पार्दै करिअरको ११औं उपाधि जिते । सूर्य नेपाल गल्फ टुरमा ७२ होलमा उनले भारतीय खेलाडीले राखेको रेकर्डसमेत बराबरी गरेका छन् ।

सन २००८ को सूर्य नेपाल मास्टर्समा भारतीय सम्मिम खानले पनि ३३ अन्डरको रेकर्ड राखेका थिए । यही प्रतियोगिताको दोस्रो दिन शुक्रबहादुरले ११ अन्डर ६१ स्कोर गर्दै नयाँ कोर्स रेकर्ड बनाएका थिए । विजेता शुक्रबहादुरले एक लाख ४० हजार रुपैयाँ जिते । चार अन्डर ६८ स्कोरका साथ समग्रमा १९ अन्डर २६९ स्कोरसहित भुवन दोस्रो भए । उनले ९० हजार रुपैयाँ हात पारे ।

> भुवन नगरकोटीलाई चार स्ट्रोकले पछि पार्दै शुक्रबहादुरले करिअरकै ११औं उपाधि जिते

चार अन्डर ६८ सहित समग्रमा १५ अन्डर २७३ स्कोर गरेका सदभाव आचार्य तेस्रो भएका छन् । १६ वर्षीय युवा गल्फर सदभावले पहिलोपटक एमेच्योरतर्फको उपाधि जितेका हुन् । उनले नेपाल नम्बर एक एमेच्योर खेलाडी सुवास तामाङलाई एक स्ट्रोकले हराउँदै उपाधिमाथि कब्जा जमाए । सुवासले अन्तिम दिन सात अन्डर ६५ को स्कोर कार्ड बनाए । समग्रमा १४ अन्डर २७४ स्कोरसहित सुवास प्रोफेसनलतर्फ चौथो र एमेच्योरमा दोस्रो भए ।

### फ्रन्ट र ब्याक नाइनमा शुक्रबहादुर बलियो

शुक्रबहादुरले एक ओभर ३७ स्कोरमा फ्रन्ट नाइनको खेल सकाए । पहिलो होलमै बोगी सामना गरेका उनले दोस्रो, तेस्रो र पाँचौं होलमा बर्डी प्रहार गरे । छैटौं होलमा एक सट खेर फाल्दा उनले तीन पारको आठौं होलमा ट्रिपल बोगी खेपे । नवौं होलमा उनले एक सट बचाए । यसपछि ११औं, १२औं र १५औं होलमा बर्डी निकाली उनले ब्याक नाइन तीन अन्डर ३३ स्कोर गरेका थिए ।

दोस्रो स्थानमा रहेका भुवनले फ्रन्ट नाइन दुई अन्डर ३४ स्कोर गरे । उनले आठौं होलको बोगीका विरुद्ध तेस्रो, सातौं र नवौं होलमा बर्डी प्रहार गरे । यसपछि १५औं र १६औं होलमा एक-एक सट बचाउँदै उनले ब्याक नाइन दुई अन्डर ३४ स्कोर गरेका थिए । राष्ट्रिय टोलीका सदस्य सदभावले करिअरकै उत्कृष्ट नतिजा निकाल्ने क्रममा अन्तिम दिन फ्रन्ट नाइन दुई अन्डर ३४ स्कोर गरेका थिए । तेस्रो र छैटौं होलमा बर्डी प्रहार गरेका सदभावले पाँचौं र नवौं होलमा बोगी खेपेका थिए ।

# अञ्जन ६ हप्ता मैदानबाहिर

**नयाँ पत्रिका**
**काठमाडौं, ३ चैत**

नेपाल राष्ट्रिय फुटबल टोलीका अञ्जन विष्ट ६ साता मैदानबाहिर हुने भएका छन् । सहिद स्मारक 'ए' डिभिजन लिगमा संकटाको प्रतिस्पर्धामा अञ्जन घाइते भएका थिए । घाइतेका कारण नै अञ्जनले मच्छिन्द्र फुटबल क्लबविरुद्ध चर्च ब्वाइजबाट प्रतिस्पर्धा गर्न पाएनन् । मच्छिन्द्र र चर्च ब्वाइजले शुक्रबारको खेलमा गोलरहित बराबरी खेले ।

चर्च ब्वाइजले डाक्टरको सल्लाहअनुसार अञ्जनलाई ६ साता मैदानबाहिर राख्ने जनाएको छ । चर्च ब्वाइजका सहायक प्रशिक्षक रमेश दंगालले अञ्जनको दाइने गालाको हड्डी फुटेको जानकारी दिएका छन् । चोटसँगै अञ्जनले घरेलु मैदानमा हुने भुटान र लाओससहितको त्रिकोणात्मक फुटबल प्रतियोगिता गुमाउने सम्भावना बढेको छ । नेपालले ८ चैतमा लाओस र १४ चैतमा भुटानसँग खेल्ने तालिका छ । नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बेर्टाले चोटका कारण अञ्जनले प्रशिक्षणसमेत गुमाउने संकेत गरेका छन् ।

डाक्टरको सल्लाहअनुसार आफूलाई १० दिन आराम गर्न भनिएको अञ्जनले बताए । 'अहिले १० दिनलाई हेर्न भनिएको छ । त्यसपछि ठीक भएन भने ६ साता कुर्नुपर्छ,' अञ्जनले नयाँ पत्रिकासँग भने । अञ्जनले हालसम्म राष्ट्रिय टोलीबाट ११ गोल गरिसकेका छन् । हरि खड्का र नीराजन रायमाझीको नाममा रहेको सर्वाधिक १३ गोलको कीर्तिमान तोड्ने संघारमा उनी छन् ।

### 'बी' डिभिजन लिग सुनिश्चित गर्न माग

सहिद स्मारक 'बी' डिभिजन लिगका १४ मध्ये १३ क्लबले शुक्रबार पत्रकार सम्मेलन गर्दै एन्फालाई लिग सुनिश्चित गर्न माग गरेका छन् । 'बी' डिभिजन लिग २९ चैतमा हुने भनिएको छ । 'एन्फाले लिग आयोजनाका लागि कुनै तयारी नै गरेको छैन । 'यातायातदेखि आवास र पारिश्रममा धेरै खर्च भएको छ, तर एन्फा उदासीन हुँदा लिग हुने या नहुने टुंगो लागेको छैन,' सरस्वती क्लबका अध्यक्ष शिक्षित पराजुलीले भने । 'हामीले वाचा गरिएअनुसार तयारी खर्च पनि पाएका छैनौं,' उनले थपे । लिग चैत २९ गतेबाट गर्ने एन्फाले जनाएको छ ।

एन्फाले क्लबसँग सहमतिमा लिग सुरु हुन ४५ दिनअघि नै १४ लाख ५० हजारमध्ये पहिलो किस्ताको आठ लाख ७० हजार रुपैयाँ निकासा गर्ने भन्ने थियो । हालसम्म सो किस्ता आफूहरूले नपाएको क्लबका पदाधिकारीले बताए । 'हामीले बारम्बार एन्फालाई ध्यानाकर्षण गराएका छौं । तर, रकम प्राप्त भएको छैन,' रानीपोखरी कर्नर टिम आरसिटीका प्रतिनिधि कुमार राजभण्डारीले भने ।




## बुढामगर फाइनलमा

**काठमाडौं**/ नेपाल नोभिस बक्सिङ प्रतियोगितामा शुक्रबार ४७ केजी तौल समूहमा अल्फका विशेष बुढामगर फाइनलमा पुगेका छन् । हेटौंडामा सञ्चालन भइरहेको प्रतियोगिताको सेमिफाइनलमा बुढामगरले ललितपुरका प्रकाश कठायतलाई ५-० को युनानिमस डिसिजनमा हराए । सोही तौल समूहमा भाइब बक्सिङका सञ्जय लामाले नक्सालका मानव लामालाई पराजित गर्दै अन्तिम दुई स्थान सुरक्षित गरेका छन् । ५१ किलो तौल सुनसरीका सबिन लिम्बूले अछामका रामबहादुर ऐडीलाई युनानिमस डिसिजनका आधारमा हराउँदै अन्तिम दुई स्थान सुरक्षित गरेका छन् । बक्समान्डुका प्रबल उप्रेतीले प्युठानका नीराजन चौधरीलाई ५-० ले पराजित गर्दै फाइनल स्थान पक्का गरे ।

## ह्याल्मोलाई उपाधि

**काठमाडौं**/ पाँच पोखरी टी-२० क्रिकेट प्रतियोगिताको उपाधि ह्याल्मो ११ ले जितेको छ । मूलपानी क्रिकेट मैदानमा शुक्रबार भएको फाइनलमा ह्याल्मोले आयोजक पाँच पोखरी क्रिकेट क्लबमाथि दुई रनको रोमाञ्चक जित निकाल्दै उपाधि हात पारेको हो । एक सय ७९ रन पछ्याएको ह्याल्मोले २० ओभरमा चार विकेट गुमाउँदै जित निकाल्यो । ह्याल्मोका ओपनर सार्थक धितालले सर्वाधिक ७८ रन र एकनाथ नेपालले ३५ रन जोडे । पाँच पोखरीले २० ओभरमा एक सय ७८ रन बनाएको थियो । पाँच पोखरीका विवेक तामाङले अविजित ८३ रन र विनोद तामाङले ४३ रनको योगदान दिए । ह्याल्मोका विवेक तामाङ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए ।




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com